मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




वर्ष १ | अंक १२१ | २०७९ साल फाल्गुन २९ गते सोमबार | Monday 13, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# कमला पुलको पुन:निर्माण कार्य शुरु

## *अझै २७ वटा पुलको निर्माण कार्य अलपत्र, कैयौं पुल जोखिमपूर्ण रहेको महाशाखाको भनाई*



मधेशदृष्टि
जनकपुरधाम, २८ गते। धनुषा र सिराहा जोड्ने कमला नदीको पुलमा पुनः निर्माणको काम शुरु थालिएको छ।

पुल भासिएको एक वर्षपछि अहिलेसम्म पुननिर्माणको कामले पूर्णता गत दूई दिनदेखि काम शुरु भएको जनाइएको छ । पुल नहुँदा स्थानीयले बाँसको पुलमा पैसा तिरेर आवात जावत गर्न बाध्य दिए। हुलाकी राजमार्ग आयोजना जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले स्वाईल टेस्ट र नयाँ डिजाइन सकिएपछि मेटेरियल व्यवस्थापन लगायतका काम शुरु भइसकेको बताए।

२०६८ साल मंसिरमा शिलान्यास भएको ४ सय ७० मिटर लामो पुलको १२ वटा स्पाममध्ये २०७८ सालअसार २० गते आएको बाढीका कारण दुईटा पिलरसँगै स्लापप भासिएको थियो । सुरुमा पुलनिर्माण गर्ने ठेक्का पप्पु लुम्बिनी विल्डर्स जेभी कन्स्ट्रक्सनले ठेक्का लिएको थियो।

तीनवर्षमै सम्पन्न गर्ने सम्झौता गरेपनि पटकपटक म्याद थप्दै काम सुस्त गरेपछि सरकारले ठेक्का रद्द गरेर २०७६ असोज १ मा लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनलाई ठेक्का दिएको थियो । लुम्बिनी विल्डर्सले कार्य सम्पन्न भएको देखाएर २०७८ असारमा उद्घाटन गर्ने तयारी गर्दै गर्दा कमलामा उर्लदो बाढी आएपछि पुलका पिलरनै धसिए।

दुई साताअघि मात्रै स्थलगत अनुगमन गरेर तत्काले पुननिर्माणको कार्य थाल्न उपप्रधानएवं भौतिकपूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले निर्देशन दिएर फर्किएकै लगतै काम प्रक्रिया मन्त्रालयबाट अघि बढाइएको हो । पुलको पुनः निर्माणको म्याद आउंदो असार मसान्तसम्मको रहेको छ । कमला पुलको काम अघि बढाइएपनि २७ वटा पुल निर्माणको काम अझै अलपत्र रहेको छ।

ठेकेदारको लापरवाहीका कारण करोडौं लगानी परेको पुलको दुर्दशा मध्येको यो एउटा नमुना मात्रै हो। दलीय संरक्षणमा ठूला आयोजनामा हात हाल्ने 'क'वर्गका ठेकेदारले गर्ने लापरबाही र त्यसबाट सिर्जित समस्याबाट सर्वसाधरण जोखिम मोल्न बाध्य हुँदै आएका छन् । ठेकेदारको लापरवाहीले देशभरका ९६ मोटरेबल (गाडी गुड्ने) पुल रुग्ण अवस्थामा पुगेका छन् । पटक-पटक म्याद थप गर्दा समेत ठेकेदारले काम नगरेपछि देशका विभिन्न सडक मार्गमा निर्माण सुरु गरिएका पुल जीर्ण भएका हुन्।

पुल महाशाखाका एक उच्चअधिकारीले भने,'ठूला पुल आयोजनाका ठेकेदार हरुको सम्बन्ध सिधै दलका ठूला नेतासँग भएकाले पनि समयमापुलको काम हुँदैन । ठेकेदारलाई बाध्यकारी बनाउन राजनीतिक इच्छाशक्ति पनि आवश्यक देखिन्छ ।' १२ वर्ष अघिका ती मोटरेबल पुलमध्ये २७ वटा अलपत्रै परेका छन् । सडक विभागस्थित पुल महाशाखाकाअनुसार रुग्ण अवस्थाका २५ वटापुलको निर्माण चालू आर्थिक वर्ष ०७९/८० मै सम्पन्न हुँदै छ। तर, निर्माण कम्पनीको लापरवाहीका कारण २७ वटा पुलको निर्माण भने अझै अन्योलमा परेको छ।

महाशाखाका अनुसार रुग्ण पुलमध्ये ४ वटा पुलका निर्माण कम्पनीको ठेक्का सरकारले तोडिसकेको छ । बाँकी दुई वटाको ठेक्का तोड्ने प्रक्रियामा रहेको महाशाखाले जनाएको छ । भौतिकपूर्वाधार तथा यातायात मन्त्रालयले यसै वर्ष अध्ययन गर्दा ९६ मोटरेबल पुल रुग्ण अवस्थामा भेटिएका थिए। पुल महाशाखाका अनुसार स्याङ्जा र गुल्मीको कालीगण्डकी स्टिल ट्रस पुल, पर्वतको कालीगण्डकी प्रिस्ट्रेस्सेड कञ्चनपुरको दोदानदीपुल, कैलालीको शिवगंगानदी पुलका ठेकेदारले काम सुरु गरेका छैनन् । गुल्मीको पातीखोला आरसीसी पुल, बाग्लुङको प्रि-स्ट्रेस्सेड दरमखोला पुल र डोटीको बनेदुग्रिसैन पुलपनि ठेकेदारले काम नगर्दा अलपत्र अवस्थामा छन्।

पुल महाशाखाका ईन्जिनियर विमलकुमार बस्नेतले हाल देशभरका पुलहरु मध्ये ९६ वटा रुग्ण पुलहरु रहेको बताए । उनका अनुसार रुग्णमध्ये पाँच वटा पुल मर्मत भई यातायात सञ्चालन भइसकेका छन्। दुई वटा पुलबारे अदालतमा मुद्दा चलिरहेको छ। आगामी आर्थिक वर्ष ०८०/८१ सम्ममा रुग्ण मध्येका २६ पुलको ठेक्का सम्पन्न गर्ने तयारी महाशाखाको छ। कामै नगरी ठेक्का तोड्ने अवस्था आएका ठेकेदारलाई कालोसूचीमा राख्नेसम्मको कारवाही तयारी महाशाखाले शुरु गरिसकेको छ।

पश्चिममा दाङ-बाँकेको सिमानामा पर्ने शिवखोलादेखि पूर्वमा कपिलवस्तुसँग जोडिएको धानखोलासम्म झण्डै ४१ वटा पुल तथा कल्भर्ट छन्। राजमार्ग निर्माणको बेलामा ३५ वर्षअघि निर्माण भएका यी पुलहरु अहिले जीर्ण बनेका छन्। सडक विभाग, पुल आयोजनाले समेत लामो अध्ययनपछि बुटवल-नारायणगढ सडक खण्डका ४२ पुलमध्ये १२ फलामे पुल जोखिममा रहेको र तत्काल मर्मत सम्भार गर्नुपर्ने भनी प्रतिवेदन बुझाइएको थियो । तर उक्त प्रतिवेदनको आंशिकमात्रै कार्यान्वयन भएको छ।

अर्बौं रूपैयाँ लगानी गरी बनाइएका

*- बाँकी पृष्ठ ६ मा*

# वीरगंज उद्योग वाणिज्य संघको वार्षिक साधारणसभा सम्पन्न




मधेशदृष्टि
वीरगंज, २८ फागुन।
बीरगंज उद्योग वाणिज्य संघको ४७ औं बार्षिक साधारण सभाको उद्घाटन सत्र सम्पन्न भएको छ। साधारण सभाको उद्घाटन गर्दै वरिष्ठ साहित्यकार एवं समालोचक डा.ध्रुव चन्द्र गौतम ले वीरगंज उद्योग वाणिज्य संघले देशकै उद्योग वाणिज्य क्षेत्रमा छुटै पहिचान बनाएको र मुलुकको अर्थतन्त्रको मियो वीरगंजले हाकेको बताए।

उनले नेपालकै सबै भन्दा पुरानो उद्योग वाणिज्य संघको रुपमा वीरगंज उद्योग वाणिज्य संघ रहेको र वीरगंजको समृद्धि र विकासका लागि समेत उद्योग वाणिज्य संघको नेतृत्वले भूमिका खेल्नु पर्ने कुरामा जोड दिए। कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधि सभा सदस्य अजय चौरसियाले आर्थिक क्षेत्रमा देखा परेका समस्या समाधानका लागि वीरगंज उद्योग वाणिज्य संघले पहल गर्नु पर्ने कुरामा जोड दिए । कार्यक्रमलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले ग्रेटर वीरगंजको नारा मात्रै अलाप्ने वीरगंज उद्योग वाणिज्य संघले बीरगंजलाई समृद्ध र सफा सुन्दर हराभरा बनाउने अभियानमा महानगरसँग हातेमालो गर्न आग्रह गरे।

उहाँले हाम्रो वीरगंज कसरी राम्रो बीरगंज बन्छ भन्ने तर्फ उद्योगी व्यवसायीहरु जुटनु पर्ने कुरामा जोड दिदै वातावरण, सरसफाईसँगै समृद्ध शहर बनाउने अभियानमा संघको नयाँ नेतृत्व जुटने कुरामा आफू आशावादी भएको बताए।

वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोध गुप्तालको अध्यक्षतामा उद्घाटन सत्रमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय अध्यक्ष चण्डीराज ढकाल, कार्यकारिणी सदस्य उमेश डालमिया, हेमराज ढकाल, गोपाल केडिया, उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, निवर्तमान अध्यक्ष गणेश लाठ लगायतका वक्ताहरुले मन्तव्य व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका गतिविधिलाई सहयोग पुर्याएको भन्दै बीरगंजका संचारकर्मी कविता खड्का, राधेश्याम पटेल र राम सर्राफलाई नगद पुरस्कार सहित सम्मान गरिएको थियो। यसअघि वीरगञ्ज उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि ३५ जना कार्य समिति सदस्य निर्विरोध चयन भएका छन्।

फागुन २९ गते कार्य समिति सदस्य पदका लागि तोकिएको निर्वाचन गर्नु अगावै सबैपद निर्विरोध भएको मुख्य निर्वाचन अधिकृत अधिवक्ता बालमुकुन्द खरेलले जानकारी दिए।

कार्य समिति सदस्य तर्फको निर्वाचनको परिणाम घोषणा भइसकेपछि निर्वाचित कार्य समिति सदस्यहरुको बैठकमा प्रमुख निर्वाचन अधिकृतको रोहबरमा सपथ ग्रहण गर्ने र निर्वाचित सदस्यहरुबाटै पदाधिकारीहरुको निर्वाचन गराईने संघको विधानमा व्यवस्था रहेको छ। फागुन ३० गते पदाधिकारीको निर्वाचन गर्ने मिति तय भएको प्रमुख निर्वाचन अधिकृत अधिवक्ता खरेलले जानकारी दिए।

कार्य समिति सदस्यहरु मध्येबाटै ११ जना पदाधिकारी निर्वाचित गर्ने प्रावधान रहेको छ । अध्यक्ष भने वर्तमान कार्यसमीतिका वरिष्ठ उपाध्यक्ष स्वतः हुने उद्योग वाणिज्य संघको विधानमा उल्लेख गरिएको छ।

# राराब क्याम्पसमा चहल पहल बढयो

## *कुनै बेला दर्जनौ जिल्लालाई साक्षर बनाउने राराबमा सुधारको पर्खाईमा प्रमुख भन्छन : गलत नीतिको असर हो*



मधेशदृष्टि
जनकपुरधाम, २८ फागुन । जनकपुरधाम स्थित त्रिभुवन विश्वविद्यालयको आंगिक रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पस अहिले भरिभराउ देखिन थालेको छ।

करीब डेढ दशकपछि हुन लागेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) को निर्वाचनले गर्दा केही दिनअघिसम्म खाली खाली देखिने सो राराब क्याम्पसमा चुनावको मिति नजिकदै जाँदा विद्यार्थीहरुको आवागमन बढन थलेको हो । कुनै समयमा विद्यार्थीले अवसर नै पाउने शैक्षिक सत्र नै कुर्नुपर्ने अवस्थामा रहेका राराब क्याम्पस एक दशकदेखि विद्यार्थी विहिन बनेका थिए।

कुनैबेला नेपालकै प्रमुख क्याम्पसको रुपमा चर्चा बटुलेका राराब क्याम्पस एक दशक यतादेखि पढाई भन्दा पनि परिक्षा दिएर डिग्री लिने थलोको रुपमा परिचित भएका थिए । तर दुई/तीन वर्षदेखि प्राविधिक शिक्षा अवलम्बन गर्न थालेपछि विद्यार्थीको संख्या दोब्बरले वृद्धि भएको छ । प्राविधिक शिक्षाले विद्यार्थीको संख्यामा ह्वातै वृद्धि भएपनि प्राविधिक शिक्षा बाहेक परम्परागत संकायमा विद्यार्थी हेर्न मुश्किल छ।

गत केही दिनदेखि विद्यार्थीको संख्या बढेको अवस्थाले राराब क्याम्पस विद्यार्थीहरुको रोजाईभन्दा राजनीतिक आस्थाको केन्द्र बन्न गएको प्रष्ट हुन्छ। आइतवार करिव ९ देखि १० बजे सम्म क्लासको समय भएपनि अधिकांश विद्यार्थी कक्षा कोठा छोडेर क्याम्पस परिसरमा चुनाव तयारीको कुरा गर्दै हिलडूल गर्दै देखियो । प्राविधिक शिक्षातर्फका बिबिए, बीएसआईटी र परम्परागत शिक्षापर्क बाणिज्य संकायका केहि विद्यार्थीहरु कक्षा कोठामा पढिरहेको मात्र देखियो भने अन्य संकायका कक्षाकोठा खाली नै देखियो।

स्ववियुमा नेतृत्वका लागि उम्मेदवार बनेका विद्यार्थी नेताहरु क्याम्पसपरिसरमा विद्यार्थीहरुलाई जम्मा गरेर मतदानका लागि सम्झाई रहेको पाइयो। शैक्षिक गतिविधी र अतिरिक्त क्रियाकलाप सुनसान हुने क्याम्पसमा स्ववियू निर्वाचनको प्रभावले चहल पहल बढेको देखियो ।

यसबारे क्याम्पसका प्राध्यापक र कर्मचारीहरुले स्ववियू निर्वाचनका लागि चहल पहल बढेको बताए।

क्याम्पस प्रमुख प्रदिप यादवले पठन पाठनका लागि विद्यार्थीहरु पहिलादेखि नै ४० प्रतिशतको हाराहारीमा आइरहेको छ। तर अहिले स्ववियू निर्वाचनले गर्दा अलि बढी चहल पहल बढेको बताए। करिव सात दशक पुरानो यस राराब क्याम्पसको दुरावस्थामा सरकार र त्रिभुवन विश्वविद्यालय नै प्रमुख दोषी रहेको क्याम्पस प्रमुख यादवले आरोप लगाए।

उनले भने त्रिविविले पढाउने संकायहरुको इजाजत आंगिक क्याम्पस बाहेक अन्य निजी कलेज/क्याम्पसहरुलाई समेत दिने गरेको कारण विद्यार्थी संख्यामा कमी हुन गएको हो । परम्परागत शिक्षातर्फ विद्यार्थीहरुको आकर्षण कम हुने भएकाले केही वर्षअघिसम्म विद्यार्थी संख्या ३ हजारको हाराहारीमा थियो। तर प्राविधिक

*- बाँकी पृष्ठ ६ मा*



# ईटाभट्टाको पर्खाल भत्किँदा ६ घाइते



मधेशदृष्टि
सिरहा, २८ फागुन । सिरहाको एक ईँटा उद्योगमा पर्खाल भत्किदा ६ जना महजदुर घाईते भएका छन् ।
गोलबजार ५ स्थित माँ धमिनी ईट्टा उद्योगको गोलभित्र रहेको पर्खाल भत्किदा उद्योगमा कार्यरते छ जना घाइते भएका हुन् । घाइतेमध्येय एकजनाको अवस्था गम्भिर रहेको छ ।
पर्खालले किचेर ४२ वर्षीय राम विलास सदाय, ३९ वर्षीय देविया सदा, १६ वर्षीय चन्दन सदा, २२ वर्षीय मोदिया सदा, विजय सदा र नगरहा गाउँ पालिकाका जयनाथ सदा घाईते भएको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ ।
घाइते मध्ये जयनाथको अवस्था चिन्ताजनक रहेकोले थप उपचारको लागि धरान पठाइएको छ । अन्यको उपचार गोलबजार स्थित लाइफ लंग क्लिनिकमा भइरहेको छ ।
काँचो ईँटा पकाउने गोलभित्र रहेका पर्खाल पुरानो एवम् जिर्ण भएका कारण भत्किएको हुन सक्ने आकलन गरेको छ । गोलबजार आसपास दुई दर्जन भन्दा बढी ईट्टा उद्योगहरु रहेका छन् । उद्योग संचालकहरुको लापरवाहीका कारण गोलभित्र पर्खाल भत्किएर वर्षेनी मजदुरहरु घाईते र मृत्यु समेत हुने गरेको छ ।
ईँटा उद्योगमा कार्यरत मजदुर हरुलाई समान्य सुरक्षाको व्यवस्था समेत नमिलाउँदा यस्तो खालको घटना हुने गरेको जानकारहरु बताउँछन् । माँ धमिनी ईट्टा भट्टा संचालक देव प्रसाद श्रेष्ठले घाइते भएका कामदारहरुको सम्पूर्ण खर्च आफूले व्यहोर्ने जनाएको छ ।
ईलाका प्रहरी कार्यालय गोलबजारले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।



कोसी प्रदेश नामकरणको विरोधमा आइतबार आह्वान गरिएको आमहडतालमा इटहरीको सुनसान सडक । बन्दकर्ताले बिहानैदेखि बजार तथा यातायात बन्द गरेपछि जनजीवन प्रभावित बनेको छ । *तस्बिर : रासस*

# छुवाछुत गर्ने अध्यक्षलाई कानूनी कारबाही गर्न प्रधानमन्त्रीलाई ज्ञापन



मधेशदृष्टि
जनकपुरधाम,२८ फागुन । भोजमा जातीय छुवाछुत गरेका सिरहाको भगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलाई निलम्बन गरी कानूनी कारबाही गर्न दलित संघ-संस्थाहरुले माग गरेका छन् ।
समाजवादी दलित मुक्ति संगठन मधेश प्रदेश समिति, नेपाल दलित मुक्ति मोर्चा, संयुक्त दलित संघर्ष समिति, राष्ट्रिय दलित पत्रकार संघ, नेपाल राष्ट्रिय मुसहर संघ लगायतका संघ संस्था जिल्ला प्रशासन कार्यालय धनुषामार्फत प्रधानमन्त्रीलाई ज्ञापन-पत्र बुझाउँदै यस्तो माग गरेको छ ।
गाउँपालिका अध्यक्ष यादव अक्षम्य अपराध गरेको भन्दै उनलाई निलम्बन गरी जातीय विभेद एवं छुवाछुत कसूर सजाय ऐन, २०६८ बमोजिम हदैसम्मको कारबाही गर्न गृह प्रशासन एवं नेपाल सरकारसँग दलित संघ संस्थाहरुले ज्ञापन-पत्रमार्फत माग गरिएको छ ।
गाउँपालिका अध्यक्ष यादवले आमाको १३ औं पूण्यतिथिमा जातीय अनुसार प्लेकार्ड झुण्ड्याएर अलग अलग राखेर भोज खुवाएका थिए ।
नेपाल जातीय विभेद एवं छुवाछुत मुक्त राष्ट्र घोषणा भइसकेको दशक वितिसक्दा पनि यसरी भोज खुवाएर मानव जातिलाई कलंकित गरेको दलित संघ संस्थाको ठहर रहेको छ ।
नेपालको संविधानलाई टेकेर गाउँपालिका अध्यक्ष जस्तो गरिमामय एवं सम्वेदनशील जिम्मेवारीमा रहेका व्यक्तिले जातीय विभेद एवं छुवाछुत गर्नु भनेको कानूनी अपराध गरी देशको संविधानलाई खिल्ली पनि उडाएको ज्ञापन-पत्रमा उल्लेख गरिएको छ ।
जातीय छुवाछुत गर्ने अध्यक्ष यादवलाई कारबाही नगरी आफूहरुको मागलाई नजरअन्जार गर्ने प्रयास भयो भने संघर्षका कार्यक्रमहरु अगाडी बढाउन बाध्य हुने चेतावनी समेत दलित संघसंस्थाहरुले दिएका छन् ।

# प्रतिष्ठानले स्वास्थ्यको चार विषयमा अध्यापन गराउँने




मधेशदृष्टि
जनकपुरधाम,२८ फागुन । चिकित्सा शिक्षा आयोगले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि आगामी शैक्षिक सत्रका लागि स्नातक तहका विभिन्न विषयहरूमा विद्यार्थी भर्ना गर्नका लागि अनुमति प्रदान गरेको छ ।
आयोगको हालै बसेको बैठकबाट मधेश प्रदेश सरकार मातहत सञ्चालनमा रहेको प्रतिष्ठानलाई गत वर्ष प्रदान गरेको विषयहरूमा पुनः विद्यार्थी भर्नाका लागि अगामी शैक्षिक सत्रका लागि सोही संख्यामा सिटको निर्धारण गरेर अनुमति प्रदान गरेको छ । जनकपुरधामको मणिपाल शिक्षण कलेजको भवनमा सञ्चालन रहेको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अगामी शैक्षिक सत्रका लागि वि एन एस तर्फ २० सिट, विपिएच तर्फ २०, वि एस सी एमएलटि तर्फ २० तथा वि एस सि नर्सिङ तर्फ २० सिट प्रदान गरेको छ ।
प्रदेश सरकारको पूर्ण स्वामित्वमा सञ्चालनमा रहेको मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अहिले ती विषयहरूको पठन पाठन भइरहेको छ । कतिपय विषयको पूर्ण छात्रवृत्ति तर्फ विद्यार्थीहरू पूर्ण भएपनि केही शुल्क भएको सिटमा विद्यार्थीहरू कमै मात्रामा भर्ना भएको प्रतिष्ठानले जानकारी दिएको छ ।
मधेश प्रदेशको स्वास्थ्य क्षेत्रको सेवामा सुधार गर्नका लागि मधेश प्रदेश सरकारले गौरवको योजना अन्तर्गत प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नका लागि विभिन्न विषयहरूमा स्नातक विषयको अध्ययन अध्यापक गर्दै आएको छ ।
प्रतिष्ठानले दुई वर्ष अगाडी देखि नै स्नातक विषयको पठन पाठनको शुरुवात गरेको छ । प्रदेश तथा देश भित्र दक्ष जनशक्ति प्रदान गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा दिने लक्ष्य दिएको प्रतिष्ठानका रेक्टर प्राध्यापक डा. अन्कुर साहले जानकारी दिएका छन् ।

# वृहत्तरमा कर्मचारीहरुले लगाए ताला

## *अध्यक्ष साह भन्छन : कारवाही परेका कर्मचारीरुले गलती लुकाउन यस्तो गरेको हो*



मधेशदृष्टि
जनकपुरधाम, २८ फागुन । तलब भत्ताको माग गर्दै कर्मचारीहरुले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् कार्यालयमा तालाबन्दी गरेका छन् ।
उनीहरुले वृहत्तर अध्यक्ष शितल साहको मनोमानीका कारण आफूहरूले विगत ५ महिनादेखि तलब पाउन नसकेको र बाध्य भएर कार्यालयमा तालाबन्दी गर्नु परेको बताएका छन् । प्रशासकीय अधिकृत जितेन्द्र कुमार यादवले आफूहरू विगत कार्तिक महिनादेखि नै तलब पाउन नसकेकोले घरपरिवार चलाउन पनि समस्या हुँदा बाध्य भएर सबै कर्मचारी मिलेर कार्यालयमा तालाबन्दी गरेको बताए ।
उनले बृहत्तरका अध्यक्ष साहले संस्थाको उद्देश्य विपरीतका कामहरू गरिरहेको बताउँदै अध्यक्षको कार्यशैलीबाट कर्मचारीहरू पनि पीडित बनेको दुखेसो समेत सुनाए । अध्यक्ष साहले सम्पूर्ण कार्यकारी अधिकार आफूसँगै राखेको र कार्यालयको दर्ता चलानी पनि प्रशासन मातहत नभई आफ्नै सचिवालयमा राखेको कारण काम गर्न समस्या भइरहेको समेत उनले बताए ।
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहेको यस संस्थाले मन्त्रालयसँग समयमा तलब निकासाका लागि माग नगरेकोले यस्तो अवस्थाको सिर्जनाको भएको उनले बताए ।
संस्था मातहतका १५/२० वटा योजनाहरूमध्ये आर्थिक मसान्त समाप्त हुन ४ महिना बाँकी रहँदासम्म कुनैपनि योजनाको काम शुरुवात समेत हुन नसकेको उनले जानकारी दिए ।
बृहत्तरले समयमा प्रगति विवरण समेत पेश नगरेकोले तलब निकासामा समस्या आएको भन्दै यादवले आफूहरू दशैं, तिहार र छठजस्तो पर्वमा पनि तलब पाउन नसकेको पीडा सुनाए । उनले पहिला तलबका लागि आफूहरुलाई समस्या थिएन तर शीतल साह अध्यक्ष बनेर आएसँगै कर्मचारीहरूलाई तलबका लागि आन्तरिक रुपमा संघर्ष गर्नुपर्ने अवस्था उत्पन्न भएको बताए ।
यस सम्बन्धमा वृहत्तरका अध्यक्ष साहले कर्मचारीहरुले होइन जुन कर्मचारीमाथि कारवाही प्रक्रिया अघि बढाइएको छ तिनीहरुले आफ्नो गलती लुकाउन तालाबन्दी गरेको बताए । उनले भने ५ महिनाको होइन ३ महिनाको तलब मात्र बांकी छ । पहिलो किस्ता रकम आएकोबाट तलब खुवाइसकेछु, अब उनीहरु विकास बजेटबाट तलब खुवाउन भनिरहेको छ । तलब हामीले होइन मन्त्रालयबाट निकासा नहुँदा रोकिएको हो ।
उनले भने तलब रोकिनुको प्रमुख कारण संस्थाको बजेट वार्षिक ३ करोड ४० लाख रुपैया मात्र छ तर बेरुजु १५ करोडभन्दा बढी देखाइएको छ । केही कर्मचारीहरुकै कारण बेरुजु बढेको हो । मन्त्रालयले बेरुजु फर्छौट गर्न भनिरहेको थियो तर आफ्नो रिस्कमा बेरुजु फर्छौट गराई दिन्छु भनेर पहिलो किस्ता निकासा गराएको थिए ।
अधिकृत यादवकै नेतृत्वमा बेरुजु र अनियमितता सम्बन्धी एक समिति गठन गरेका थियौं । तर अहिलेसम्म प्रतिवेदन बुझाएको छैन । १८ जना कर्मचारीहरुको दरबन्दी तर विगतमा २८ मा नियम प्रक्रिया विपरित नियुक्ति गरिदिएको छ । तलब निकासामा कर्मचारीहरुले नै दोषी छन् । तलब निकासाको काम त कर्मचारी हो तिनीहरुले टिप्पणी उठाएर दिनु परयो नि भने ।
एउटै व्यक्तिलाई विभिन्न योजनामा उपभोक्ता समिति बनाई काम गराएको छ । उपभोक्ता समितिको नाममा रकम निकासा गरी आ आफ्ना खातामा रकम ट्रान्सफर गरेका छन । यति मात्रै ९२ लाख रुपैयाको फर्निचर खरीद गरिएको देखाइएको छ तर कहाँ छ अतोपतो छैन । यी अनियमिततालाई पर्दाफांस गरी सम्बन्धित कर्मचारीहरुलाई कारवाही प्रक्रियामा ल्याउन खोज्दा त्यसलाई काउन्टर दिन तलबको बहाना बनाएर तालाबन्दी लगायतका कार्य गरिरहेका छन् । साथै उनले भने आफू नियुक्त भएको ८ महिनादेखि कुनै तलब भत्ता सहितका सेवा सुविधा लिएका छैनौं यहाँसम्म की गाडी मरम्मत समेत आफ्नै रकमले गर्दै आएका छौं । अध्यक्ष साहले आउंदो बिहीवार नागरिक समाजका अगुवा र प्रशासनको रोहबरमा पत्रकार सम्मेलन गरी सबै कुरा सार्वजनिक गर्नेछौं ।

# शिक्षक संगठन मधेशको अध्यक्षमा पुनः अधिकारी

मधेशदृष्टि
सर्लाही, २८ फागुन । एकीकृत अखिल नेपाल शिक्षक संगठन मधेस प्रदेशको अध्यक्षमा पुनः भुपनारायण अधिकारी चयन भएका छन् ।
सर्लाहीको लालबन्दीस्थित जनज्योति माविमा निवर्तमान सभामुख अग्नीप्रसाद सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको अधिवेशनबाट दोस्रो कार्यकालका लागि अध्यक्षमा पुनः अधिकारीलाई चयन गर्दै ५१ सदस्यीय समिति गठन गरिएको हो ।
त्यस्तै वरिष्ठ उपाध्यक्षमा राजविर महतो, उपाध्यक्षत्रय माला देवी जैसवाल, बिनोद साह र रघुनन्दन रायलाई चयन गरिएको छ । महासचिवमा गुलाव यादव, अर्थ महासचिवमा लक्ष्मी हाई, उपमहासचिवमा रामेन्द्र यादव, अर्थ उपमहासचिवमा शिवचन्द्र मण्डल र सचिवमा अर्जुन थापा, मनोज खनाल, श्रीकुमार स्याङ्तान र दिनेश पराजुली चयन भएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्र : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।


**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# प्रभावकारी भएन हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान

आरके श्रीवास्तव

गरुडा,२८ फागुन । रौतहटको फतुवा बिजयपुरमा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान प्रभावकारी देखिएको छैन् ।



गत फागुन ११ गते देखि फतुवा बिजयपुर नगरपालिका अन्तर्गत रहेको टोल,स्वास्थ्य संस्था तथा कार्यालयहरुमा गइ प्रत्यक्ष रुपमा स्वास्थ्यकर्मीको निगरानीमा एक मात्र डोज हात्तीपाइले रोगविरुद्धको औषधी सेवन गरी हात्तीपाइले रोगको निर्वान गर्न कार्यक्रममा नगरपालिका प्रशासन,स्वास्थ्यकर्मी र स्वास्थ्य संयोजकको लापारवाही तथा कमीकमजोरीका कारण धेरै जसो व्यक्ती सो औषधी सेवन नगरेको पाइएकोले यसले राष्ट्रिय हात्तीपाइले रोग निवारण अभियान २०७९ प्रभावकारी नहुने र लक्ष्य प्राप्ती गर्न नसकिने जानकारहरु बताउँछन् ।

आम औषधी सेवन अभियान सफल बनाउन सम्बन्धित संस्था तथा स्थानिय निकायले सर्व साधारणलाइ यसको प्रभाव,असर खानुको फाइदा तथा बच्ने उपाय सम्बन्धि परामर्श र सम्झाइ बुझाइ नगरी सिधैं औषधी दिने गरेको पाइएको छ ।

स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा एक मात्र औषधी सेवन गराउनुको सट्टा सम्पूर्ण परिवारको औषधी एक जना घरमूलीको जिम्मा लगाइ जाने गरेको कारण पछि औषधी सेवन नगरी फाल्ने गरेको,हाइट अनुसार मात्रा मिलाएर औषधी खानुपर्नेमास्वास्थ्यकर्मीकोअप्रत्यक्ष निगरानीमा औषधी सेवन गर्दा मात्रा नमिलेको पाइएको जस्ता कारणले यो अभियान सफल हुन नसक्ने अवस्था देखिएको छ ।

फतुवा बिजयपुर वडा नम्बर ४ टेंग्राहाका दर्जनौं व्यक्तीहरु परामर्श र औषधी सेवनको मात्रा र महत्वको बारेमा अनभिज्ञ हुँदा स्वास्थ्यकर्मीहरु द्धारा पाएको औषधी आलसम्म सेवन नगरी कागज बेरेर घरमै राखेको बुझिएको छ ।

तराइको रौतहट,बारा,पर्सा,सर्लाही लगायतका जिल्लाहरुमा यस्ता रोगीको संक्रमित बढदै गएका कारण तराइका जिल्लामा निवारण गर्न स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा १ मात्रा ओषधी सेवन गराउने लक्ष्य राखि नेपाल सरकारले यो राष्ट्रिय आम औषधी सेवन अभियान २०७९ संचालन गरेको हो ।

जिल्ला भरी फागुन २५ गते सम्म संचालन गरिएको थियो । तर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने समय थप गरेर अभियानलाई निरन्तरता दिएको छ ।

यसअघि फागुन २५ गतेसम्म हात्तिपाईले रोग बिरुद्धको औषधी खुवाउने समयसिमा तोकिएको भए पनि मन्त्रालयले पाँच दिन थप गरेर ३० गतेसम्मलाई निरन्तरता दिएको हो ।

यता यस विषयमा फतुवा बिजयपुरका स्वास्थ्य संयोजक रघुनाथ साह सँग बुझदा ३४ हजार मानिसहरु अहिलेसम्म औषधी सेवन गरि सकेको जानकारी गराए । साथै उनले हात्तिपाईले रोग बिरुद्धको औषधी घरमूलीको जिम्मा लगाइने घटनालाइ स्विकार गरे । उनको भनाइ अनुसार २५ प्रतिशतले औषधी हातमै लिएको छ । सबैभन्दा बढी सन्तपुरमा यस्तो पाइएको बताए । बेलैमा सरकारले यस तर्फ ध्यान नदिने हो भने हात्तिपाईले रोग बिरुद्धको औषधी सेवन अभियानमा सरकारको लगानी खेर जाने निश्चित छ ।

# शिक्षकले प्रधानाध्यापकलाई कुटे

आरके श्रीवास्तव

गरुडा,२८ फागुन । रौतहटमा एक जना प्रधानाध्यापकलाइ कुटपिट गरिएको छ । जिल्लाको एक माध्यमिक विधालयका प्रधानाध्यापकलाई आफनै विधालयका शिक्षकले कुटपिट गरेको प्रहरीले जनाएको हो ।



जिल्लाको दक्षिणी भेग दुर्गा भगवती गाउँपालिका वडा नम्बर २ स्थित रहेको सरस्वती माध्यमिक विधालय पिपरा भलोहियाका प्रधानाध्यापक कृष्ण कुमार पंकजलाई सोही विधालयका शिक्षक विकास महतोले कुटपिट गरेको प्रहरीको भनाइ छ । महतोले विहान साढे दस बजे कुटपिट गरेको ईलाका प्रहरी कार्यालय गंगा पिपराका प्रहरी नायव निरिक्षक बैजुलाल यादबले बताए । सोही विधालयमा करार शिक्षकको रुपमा कार्यरत रहेका महतो तलबको निहुँमा प्रधानाध्यापकलाई मुक्का र लातले कुटपिट गरेको प्रत्यक्षदर्शीको भनाइ छ । प्रधानाध्यापकलाई कुटपिट गर्ने शिक्षक साहलाई आवश्यक कार्यवाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहट पठाएको प्रहरी नायव निरिक्षक यादवले बताएका छन् । यसरी प्रधानाध्यापक माथि भएको कुटपिटको घटनाको चौतर्फी आलोचना गरिएको छ । दोषीलाइ कडा भन्दा कडा कार्यवाही गर्न माग गरिएको छ । बिधालयमा यस्तो घटना हुनु गलत रहेको स्थानियहरुको भनाइ छ ।

# लापरवाहीले ६ सय परिवार खानेपानी बाट वञ्चित

मधेशदृष्टि, रौतहट, २८ फागुन । आश्रय निर्माण सेवा र जनप्रतिनिधिको लापरवाहीको कारण रौतहटको कतहरीया नगरपालिका अन्तर्गत ६ सय परिवार तीन महिना देखि शुद्ध खानेपानी बाट वञ्चित भएका छन् ।

निर्माण सेवाका कर्मचारी तथा कतहरियाका नगर प्रमूख अजय प्रकाश जैसवाल,वडा ५ का अध्यक्ष सर्फलाल गुप्ता पटकपटक आश्वासन मात्र दिँदै आएपनि हालसम्म खानेपानी पाउन नसकेको स्थानीयहरूले गुनासो गरेका छन् । तेस्रो सानोसहरी तथा खानेपानी कार्यालय कतहरीया बाट आश्रय निर्माण सेवाले वडा ४ र ५ मा ढल तथा नाला निर्माण गर्न ४३ करोड रुपैयाँमा टेण्डर साकार गरेको छ ।

निर्माण कम्पनीले ढल तथा नाला बनाउने क्रममा उत्खनन गर्दा फुटेको पाईप मर्मत हुन नसक्दा कतहरीया ४ र ५ टोलापुर,बलरामपुरमा ६ सय परिवार पछिल्लो तीन महिना देखि शुद्ध खानेपानी बाट वञ्चित भएका छन् । गत पुस महिनाको पहिलो साता आश्रय निर्माण सेवाले ढल तथा कलभर्त निर्माण गर्नलागेको क्रममा नगरपालीका भवन भन्दा करीब २ सय मिटर पूर्व बाटोमा खानेपानीको पाईप फुटेको थियो । पाईप फुटेपछ खानेपानीको सप्लाई अवरुद्ध भएको स्थानीय उपभोक्ता सुनिल कुमारले बताएका छन। उक्त पाईप मर्मत नगरेको कारण सोही समय देखि करिब ६ सय परिवार सुद्ध खानेपानी बाट वञ्चित भएको उनले बताए ।

मर्मत गर्न निर्माण कम्पनीका कन्सल्टेन्ट ईन्जिनियर धनराज साहले खानेपानीको फुटेको पाईप बजारमा तत्काल उपलब्ध हुन नसकेको कारण मर्मत हुन नसकेको बताउँदै आएको उपभोक्ताहरुको भनाई छ । खानेपानीको समस्या समाधान गर्न आफूले हमेशा प्रयास गर्दै थप पहल गरिदिन कटहरिया ५ का वडा अध्यक्ष सार्फलाल गुप्ता लाई पटकपटक भन्दा कुनै वास्ता नगरेको वडाका स्थानीयहरूले गुनासो गरका छन् ।

उता वडा ४ का अध्यक्ष चन्दन कुशवाहाले तीन महिना देखि ६ सय परिवार खानेपानी बाट वञ्चित हुँदा आफूले पटकपक प्रयास गरेको तथा थापा पहलका लागि मेयर अजयप्रकाश जैसवाललाई भन्दा उनले गम्भिरता नदेखाएकाले समस्या समाधान हुन नसकेको आरोप लगाएका छन् । आश्रय निर्माण सेवाका प्रोजेक्ट मनेजर अजय गुप्ता संग प्रतिक्रिया लिदाँ केही प्राविधिक कारणले खानेपानीको पाईप मर्मत गर्न ढिलाई भएको स्वीकार्दै केही दिन भित्रै मर्मत गरी तत्काल खानेपानी सप्लाई गराउने प्रतिबद्धता जनाएका छन् । शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधरहरुको विकास गर्ने बाचा गरेर मेयर बनेका जैसवाल तथा कतहरियाका अन्य निर्वाचित जनप्रतिनिधिको सैयौं परिवारको खानेपानीको समस्या तत्काल समाधन गर्न पहल गर्नुपर्ने आवश्यकता रहेको छ ।

# वारुण यन्त्र भएपनि क्षिनपामा समस्या

मधेशदृष्टि

जनकपुरधाम, २८ फागुन । क्षीरेश्वरनाथ नगरपालिकामा वारुण यन्त्र रहेपनि आगलागीको बेला समस्या भोग्दै आएका छन् । मधेश प्रदेश सरकारले दुई वर्षअघि नगरपालिकालाई उपलब्ध गराइएको वारुण यन्त्र मरम्मत सम्भारको आभावमा प्रयोगविहिन बनेको छ । यसले गर्दा यहाँ हुने विभिन्न आगलागी नियन्त्रणमा समस्या हुँदै आएको छ ।



सञ्चालनमा आएको केही महिनामै वारुण यन्त्र बिग्रिएपछि इलाका प्रहरी कार्यालय महेन्द्रनगरको कार्यालय अगाडि थन्काइएको छ । वारुण यन्त्र चलाउने चालकसहित प्राविधिक नभएको बताइएको छ । करारमा काम गर्दै आएका चालक र प्राविधिकलाई वर्तमान नगरप्रमुख सुखदेव यादवले कामबाट निकालेपछि वारुण यन्त्र चलाउने चालक र प्राविधिक नभएको स्थानीयको भनाइ छ ।

दुई दिनअघि महेन्द्रनगरको कृष्णा फर्निचर उद्योगमा आगलागी हुँदा नगरपालिकाको कार्यालय अगाडि राखिएको वारुण यन्त्र प्रयोगमा आएन। जसले गर्दा फर्निचर उद्योगमा भएका सबै सामान जलेर नष्ट भयो । त्यसअघि पनि महेन्द्रनगर बजारमा सञ्जीव चौधरीको किराना पसल र हीरा इलेक्ट्रोनिक पसलमा आगलागी हुँदा ठूलो मात्रामा मालसामान जलेर नष्ट भएको थियो । क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादवले शुक्रबार नै नगरप्रमुख सुखदेव यादवलाई वारुण यन्त्र तत्काल संचालनको माग गर्दै ज्ञापनपत्र समेत बुझाएको थियो । “आगलागीका बेला अरू नगरपालिकाबाट वारुण यन्त्र बोलाउँदा समय लाग्छ । त्यतिबेलासम्म सबै जलिसकेको हुन्छ,” अध्यक्ष यादवको भनाइ छ । यसरी पटक-पटक नगर क्षेत्रभित्र आगलागीबाट उद्योगी व्यवसायीको ठूलो परिमाणमा क्षति भइरहेकाले आकस्मिक सेवाका साधन स्रोत अविलम्ब सञ्चालनमा ल्याउन र आगलागीबाट भएको क्षतिपूर्तिसमेत उपलब्ध गराउन नगरप्रमुखलाई भनिएको अध्यक्ष यादवले बताए ।

नगरप्रमुख सुखदेवले वारुण यन्त्र र एम्बुलेन्स मर्मतका लागि एक-दुई दिनमै पठाउने बताए । उनले नगरपालिकामा सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत कन्हैयाकुमार मिश्र लामो समयदेखि बिदामा रहेकाले मर्मत कार्य रोकिएको थियो तर अब चाँडै मरम्मत सम्भार गराइनेछ भने ।

# गरुडा प्रहरीद्धारा युरिया मल नियन्त्रणमा

मधेशदृष्टि

गरुडा,२८ फागुन । रौतहट मध्य भाग रहेको इलाका प्रहरीक कार्यालय गरुडाको प्रहरी टोलीले युरीया मल नियन्त्रणमा लिएको छ ।



आइतवार प्रहरीले गरुडा बजारबाट १० बोरा युरीया मल नियन्त्रणमा लिएको हो ।

ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीका अनुसार प्रहरीलाई देखि छोडी भागेका दुईवटा भारतीय नम्बर प्लेटका मोटर साईकल सहुत उक्त मल नियन्त्रणमा लिएको बताए ।


आईतवार विहान गरुडाको मेथुर चौक भन्दा पुर्व समनपुर जाने बाटोमा प्रहरी गस्ती आउँदै गरेका देखेपछी मल लोड मोटरसाइकल छोडी उनीहरु फरार भएका थिए । प्रहरी नायव उपरीक्षक कामतीका अनुसार पक्राउ गरिएको मल र दुईवटा मोटर साईकिल आवश्यक कार्यवाहीका लागि गौर भन्सार कार्यालय बुझाइको जानकारी दिएका छन् ।

# फरार थुनुवा मध्ये थप एक पक्राउ

मधेशदृष्टि

जनकपुरधाम, २८ फागुन । ईलाका प्रहरी कार्यालय महेन्द्रनगरको हिरासत कक्षबाट फरार भएका थुनुवाहरूमध्ये धनुषा प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हातहतियार तथा खरखजाना मुद्दाका ३६ वर्षीय शंकर सिंह महतो रहेका छन् । गत माघ १६ गते ईलाका प्रहरी कार्यालय महेन्द्रनगरको हिरासत कक्षको पर्खाल भत्काएर फरार भएका ६ जना थुनुवाहरू मध्ये ४ जना पक्राउ परिसकेका छन् ।

फरार रहेका थप दुईजना मध्ये एकजना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रसाद गौतमले जानकारी दिए ।



मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधाम र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको संयुक्त प्रहरी टोलीले पर्साको वीरगञ्ज महानगरपालिका वडा नम्बर-१६ ईनर्वास्थित भन्सार हुँदै भारत तर्फ भाग्ने क्रममा महतोलाई पक्राउ गरेको डीएसपी गौतमले बताए ।

पक्राउ परेका उनलाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई थप अनुसन्धान कार्य भइरहेको उनले जानकारी दिए ।

# कटहरियामा नेकपा एसको वडा कमिटी गठन

मधेशदृष्टि

गरुडा,२८ माघ । रौतहटको कटहरियामा एकिकृत समाजवादी पार्टीको वडा कमिटी गठन गरिएको छ । सो नगरपालिकाको वडा नम्बर ८ पिप्रा पोखरिया टोलमा वडा कमिटी गठन गर्नका लागि भेला बोलाइएको थियो । केन्द्रिय कमिटिको निर्णय अनुसार एसमाजवादी रौतहट द्धारा सञ्चालित पार्टी सुदृढिकरण अभियान अन्तर्गत जिल्लामा धमाधम वडा कमिटीहरु पुर्नगठन गर्न लागिएको हो । गठित वडा कमिटीको अध्यक्षमा रामविश्वास राय यादव,उपाध्यक्ष समसुल आलम ,कोषाध्यक्ष लक्ष्मी साह कानु,सचिव सुरेश यादव,सदस्यमा रामजी महरा सहित १५ सदसिय वडा कमिटी गठन भएको प्रदेश कमिटि सदस्य राधामोहन यादवले जानकारी गराएका हुन् । कार्यक्रमको प्रमुख अतिथीको रुपमा एकिकृत समाजवादीका प्रदेश कमिटि सदस्य यादव रह्नु भएको थियो । सो अवसरमा प्रदेश कमिटि सदस्य यादव सँगै कटहरिया नगरपालिकाको एसमाजजादीका नगर संयोजक राजदेव सहनी सहितका नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो । कार्यक्रमको अध्यक्षता वडा प्रत्यासी रामसेवक राय यादवले गर्नु भएको थियो । कार्यक्रमलाइ सम्बोधन गर्दै प्रमुख अतिथी यादवले कटहरिया लगायत जिल्ला भरीमा पार्टीको निर्देशन अनुसार धमाधम वडा कमिटी गठन भइरहेको बताए ।



# गाँजा सहित एक पक्राउ

मधेशदृष्टि, वीरगंज, २८ फागुन । बारामा प्रहरीले ८ किलो लागू औषध गाँजा सहित १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जितपुर सिमरा उप-महागरपालिका वडा नम्बर १० बेहरा टोल निवासी ५६ वर्षीय दशै मुखिया रहेका छन् ।

ईलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले आइतवार बिहान जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ८ रमौलीस्थित सडकखण्डमा अभियुक्त मुखियामाथि शंका लागी चेकजाँच गर्दा उनले बोकेको बोराको पोका भित्र ८ किलो लागु औषध गाँजा फेला परेका प्रहरीले जनाएको छ ।

बरामद लागु औषध गाँजा सहित पक्राउ परेका मुखियालाई ईलाका प्रहरी कार्यालय सिमरा बारामा ल्याई थप अनुसन्धान कार्य भइरहेको बारा प्रहरीले जनाएको छ ।

# सडक मर्मतको काम सुरु

मधेशदृष्टि, वीरगंज, २८ फागुन । वीरगञ्जको महाविर मन्दिरदेखि पूर्वतिरको सडक मर्मतको काम सुरु भएको छ । वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ को वडा कार्यालयले महावीर मन्दिरदेखि पूर्वतर्फको बाटो हुँदै २ नम्बर रोडको चौकसम्म सडकमा टायल्स ओछ्याउने काम सुरु भएको छ । वडा कार्यालयले २२ लाख २१ हजार ४ सय रुपैयाँको लागतमा सडकको स्तरोन्नती गर्न लागेको वडा अध्यक्ष जयप्रकाश साहले जानकारी दिए । सो सडक स्तरोन्नती भएपछि त्यस भेगका २ सय जनाले सहज रुपमा आवतजावत गर्न पाउने वडाअध्यक्ष साहले बताए ।

सम्पादकीय

# प्रदेश सरकारका संकट


राजनीतिको बीउ यसरी छर्नुपर्छ कि, त्यसले जनतालाई राहत दिओस्, उज्यालो अनुभूत गरेर जनता अघि बढून् । स्थायित्व कायम हुँदै जाओस् र विकासे काममा जनसहभागिता थपिँदै जाओस् । व्यवस्थाको सुदृढिकरण सुशासनसँग जोडिन्छ । सुशासन जनताले महसुस गरेका आधारमा जनसेवा प्रभावकारी भइरहँदा सरकार जवाफदेही र जिम्मेवार बन्न सकेन भने अर्को निर्वाचनमा जनताले दल र नेता फेर्ने ताकत राख्दछन् । यही मूल्यमान्यतामा रहेर राजनीतिक अभ्यास गर्न दलहरु मैदानमा आएका हुन् । बेलाबखत नयाँ दलहरुले पुराना दलहरुको यही कमजोरीमा टेकेर जनतामा जाँदै मौका लिने गरेका छुन् । यसर्थ, दलहरु सधैँ जनताप्रति वफादार भएर प्रस्तुत हुने विषय नै राजनीतिक प्रक्रिया हो । यो प्रक्रिया सधैँ प्रगतिशील, सुधारोन्मुख र जनमुखी हुनैपर्छ ।

देशमा जनता संकटमुक्त हुने काम सरकारले गर्नुपर्छ । सरकारको काम जनताका सुखदुःखमा साथ दिने हो । तर संघीयता कार्यान्वयनको गति धिमा हुँदा या नेताहरुको कर्म अवैज्ञानिक र दूरदृष्टिमय नहुँदा देश र प्रदेशमा जनता होइन, सरकार चैं बेलाबखत संकटमा परिरहेका छन् । र, संकटको घडी एकपछि अर्को थपिइरहेको छ । एकातिर जनतामा प्रदेश खारेजीको भावना घनिभूतसँग बढिरहेका बेला प्रदेश सरकार सञ्चालनको रोडम्याप नै केन्द्र सरकारसँग निहित भएकाले कुनै पनि प्रदेश सरकार स्थायी र स्थिर हुनसकेको छैन । केन्द्रमा गठबन्धन 'दायाबाया' हुनेबित्तिकै त्यसको 'छाया' प्रदेश सरकारमा पर्छ । राजनीतिमा 'दिल्लीमा पानी पर्दा काठमाडौँमा छाता ओढ्ने'भन्नेहरु अचेल 'केन्द्र सरकारमा भूकम्प आउँदा प्रदेश सरकार भत्कन्छ' भन्न थालेका छन् । यसैको असर परेको छ मधेश प्रदेश सरकारमा पनि । पुसको दोस्रो साता एमाले-माओवादी गठबन्धनबाट केन्द्र र प्रदेश सरकार निर्माणको अभ्यास भएको थियो । संसदका दोस्रो र तेस्रो ठूलो दलले साना दलहरुसँग मिलेर पहिलो दललाई हालेको 'तगारो' अराजनीतिक र अवैज्ञानिक थिएन । यही कुटनीतिलाई नै राजनीति भनिन्छ । तर, यो कुटनीति राष्ट्रपतिको चुनावसम्म आउँदा 'झुम्राको पुतली' सावित भयो । तासको घर झैँ एमाले-माओवादी सम्बन्ध गर्लम्म ढल्यो । यसले पहिलो शक्ति नेपाली कांग्रेसलाई फाइदा पुग्यो । एमाले र माओवादीको गठबन्धन हुँदा एमालेका भागमा परेका सबै पदहरु फेरि कांग्रेसमै फिर्ता हुँदा मधेश प्रदेश सरकार पनि संकटमा नपर्ने कुरै भएन । र, एमालेलाई 'बाइबाइ'को तयारी भइरहेको छ ।

यति मात्र होइन, मधेश सरकारमा सभामुख पदसमेत संकटमा परेको छ । एमालेले पाएको पदहरु खोसुवामा पर्दा स्वाभाविकरुपमा सभामुख पनि जाने नै भयो । मधेशमा १० दलीय गठबन्धन बनेको छ । यो गठबन्धनसँग दुईतिहाइ छ । दुईतिहाइ राजनीतिक शक्तिले 'एकतिहाइ शक्तिलाई' क्षणभरमै 'मर्यादा पुरुषोत्तम'बाट 'रावण' करार गरिदिन सक्छ । यसैले 'केन्द्र गठबन्धन जे भए पनि मधेशमा छाया नपारौँ' भन्ने एमालेको बिन्ति सुनिने अवस्था छैन । अब मधेश सरकारमा दिनगन्ती सुरु भइसकेको छ ।

जब सरकार संकटमा छ भने जनताको संकट गौण हुन्छ । जनताले खोजेको स्थिर र अब्बल सरकार निर्माणमा कुनै बाधाव्यवधान खडा नगरी १० दलले सोचविचारपूर्ण हिसाबले सरकार निर्माणको अभ्यास गर्नुपर्छ । नत्रभने दुई महिनामै एमाले-माओवादीको मितेरी टुटे झैँ ससाना दलहरुको स्वार्थका कारण अब बन्ने सरकार पनि टुट्न सक्छ । बजेट निर्माणको समय आइसकेको छ । ५० दिनपछि मधेसको बजेट बनाउने काममा लाग्नु पर्ने दलहरु सरकार बनाउने काममै सरिक भइरहँदा जनताका संकटमोचन प्राथमिकतामा परेका छैनन् । जनताको मनमष्तिष्कमा 'प्रदेश सरकार जरुरी छ' भन्ने मनोग्रन्थी निर्माणसहित १० दल अघि बढेन भने फेरि पनि मधेश सरकारका संकट अन्त्य भयो भनेर भन्न सकिने अवस्था नरहन सक्छ ।

# मानवअधिकार र राष्ट्रिय साइबर सुरक्षा नीति



– तारानाथ दाहाल

सूचना तथा सञ्चार प्रविधि (आइसिटी) मानव सभ्यताको बहुआयामिक विकासको अभिन्न अंग भइसकेको छ । आइसिटीको विकासले मानव जीवनका हरेक क्षेत्रमा प्रभाव पारेको छ । श्रम, शिक्षा, सूचना र मनोरञ्जनका क्षेत्रमात्र नभई सामरिक सुरक्षालगायतका संवेदनशील पक्षमा समेत आइसिटीको भूमिका बढ्दो छ । आइसिटीको विकासले आविस्कार गरेको इन्टरनेट हाम्रो परिवारको एक सदस्य जस्तै भइसकेको छ । त्यसैले इन्टरनेटलाई मानिसको प्रत्येक कृयाकलापसँग जोडिने आधारभूत विषयका रुपमा बुझ्ने गरिन्छ । इन्टरनेटमा पहुँच अब सुविधाको विषयमात्र रहेन । यो अधिकारको पक्ष भएको छ ।

विश्वभरी नै मानवअधिकारको सम्मान, रक्षा र प्रवर्द्धनमा इन्टरनेटको भूमिकाबारे सघन बहस भइरहेका छन् । विश्वव्यापी र बहुआयामिक विशेषता भएको इन्टरनेटको भूमिकाबारे नेपालमा पनि यस्तै बहसको खाँचो छ । स्वतन्त्र, सुरक्षित र खुला इन्टरनेटमा पहुँच हाम्रो वकालतको विषय हो । यसको सदुपयोगबाट मानवअधिकारको रक्षा र प्रवर्द्धन गर्नुपर्ने गम्भीर र विचारणीय पक्षहरु छन् । यसतर्फ गर्नुपर्ने सुधारको काम नेपाली नीति निर्माता, राजनीतिक दलहरु, कर्मचारीतन्त्र, सूचनाप्रविधिका प्राविधिक, नीजिक्षेत्र, कानूनका ज्ञाता र नागरिक समाज सबैको साझा दायित्व पनि हो ।

नेपालमा स्मार्ट फोनको प्रयोगमा बढोत्तरीसँगै इन्टरनेटको पहुँचमा संख्यात्मक बृद्धि भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणको पछिल्लो रेकर्डअनुसार, नेपालमा इन्टरनेटको विस्तार ९० प्रतिशत पुगेको छ । यो विस्तारसँगै इन्टरनेटका माध्यमहरुबाट सार्वजनिक सरोकारका विषयमाथि दिनहुँ आममानिसका विचार व्यक्त हुने र आपसी संवाद हुने मात्र होइन सरकारले ल्याएका नीति कार्यक्रम र राज्यको कानूनमा समेत डिजिटल स्पेसमा व्यापक छलफल हुन थालेका छन् ।

नेपालमा इन्टरनेटको प्रयोग हुन थालेको २६ वर्ष भएपनि आम मानिसका लागि इन्टरनेट/साइबरस्पेसमा आफ्नो अधिकार कसरी सुरक्षित हुन्छ भन्ने ज्ञानको अभाव छ । कतिपय नागरिक अज्ञानताकै कारणले पनि साइबर अपराधबाट पीडित हुने गरेका छन् भने इन्टरनेट तथा साइबर स्पेसमा नागरिकका अधिकार कसरी सुरक्षित गर्न सकिन्छ भन्ने ज्ञान कानून तथा नीति निर्माण तहमा पनि कम छ । समाजमा इन्टरनेटको प्रयोग यति धेरै बढिसक्दा पनि सुरक्षित इन्टरनेट निर्माण गर्न केही नीतिगत तथा कानूनी व्यवस्थाहरु गरिएका भए पनि ती प्रबन्धहरु एकातिर इन्टरनेट, साइबर सुरक्षाका क्षेत्रमा भएका केही प्रयासहरु छन् र अर्कोतिर डिजिटलस्पेस, इन्टरनेटमा नेपाली नागरिकको बढ्दो पहुँच र उपस्थितिले साइबर सुरक्षा र यसका लागि तय गरिने नीति नियमको मानवअधिकारसँगको अन्तरसम्बन्ध बारेमा पनि बृहत् छलफल हुनु जरुरी भएको छ ।

साइबर सुरक्षा तथा इन्टरनेटको क्षेत्र व्यापक भएपनि विशेष गरी नागरिकको अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको हक कुण्ठित नहोस् भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । राष्ट्रिय साइबर सुरक्षा नीति नियम बनाउने क्रममा राज्यको सुरक्षामा बढी जोड दिँदा नागरिक अधिकार खुम्चिने डर उत्तिकै हुन्छ । एक प्रजातान्त्रिक मुलुकमा जनताका अधिकार कुनै पनि माध्यममा कुण्ठित हुनु हुँदैन -चाहे त्यो अनलाइन होस् वा अफलाइन ।

त्यसैले समग्र राज्यको सुरक्षा अपनाउँदा तथा सूचना तथा सञ्चारप्रविधि उपकरण र इन्टरनेटको माध्यमबाट हुने अपराध नियन्त्रण गर्दा चालिने कदम कति वैधानिक छन् भन्ने कुराले उत्तिकै महत्व राख्छ ।

साइबर अपराध नियन्त्रण तथा निर्मूल गर्न चालिने राज्यका कदमले नागरिकको अभिव्यक्ति स्वतन्त्रता तथा गोपनीयतामा कुनै आँच आउनु हुँदैन ।

सूचना प्रविधि र इन्टरनेटको सुरक्षा तथा सुरक्षित इन्टरनेटको सहज प्रयोगको अवस्था यी दुवै आयामसाइबर सुरक्षाका पक्षहरु हुन् । अहिले विश्वभरी नै इन्टरनेटको क्षेत्रसँग मानवअधिकारको विश्वव्यापी मान्यता र संवेदनशीलतालाई कसरी स्थापित गर्ने भन्नेबारे अवधारणाहरु र मान्यताहरुमा छलफल चलिरहेको छ । डिजिटलस्पेसमा वा डिजिटल वातावरणमा मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनलाई सचेततापूर्वक ध्यान दिनु



आवश्यक छ ।

सूचना प्रविधिका पूर्वाधारहरु संरक्षण एउटा महत्वपूर्ण पाटो हो भनें यसैसँग जोडिने अर्को पाटो इन्टरनेटका माध्यमहरुमा गरिने अभिव्यक्ति, संवाद र सूचना प्रवाहको सुरक्षा हो ।

राष्ट्रिय साइबर सुरक्षा रणनीतिले सम्बोधन गर्नुपर्ने यिनै दुई पक्षमा यस सामाग्रीले छलफल र बहसलाई दिशावोध गर्नेछ । मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्त र संयन्त्रहरुमा व्यक्त प्रतिवद्धता र मान्यताहरुलाई सूचना प्रविधिको विकास र नियमनमा अलग्याउन सकिदैन । साइबर सुरक्षाको उचित व्यवस्थापनका लागि बहूपक्षीय पहलमार्फत् नीतिगत तथा कानूनी प्रयास गर्न अब ढिला गर्न हुँदैन ।

अब निर्माण गरिने साइबर सुरक्षा नीति मानवअधिकार मैत्री कसरी बनाउन सकिन्छ भनी साइबर सुरक्षा नीतिमा हुनुपर्ने अन्तर्वस्तुको साथै रणनीति निर्माणमा के कस्ता सरोकारवालाको सहभागिता हुनुपर्छ र यसमा कुन कुन विषयमा कसरी अन्तर्राष्ट्रिय सहयोग र सहकार्य गर्न सकिन्छ भन्ने पक्ष यहाँ उल्लेख छ । नेपालमा साइबर सुरक्षा नीतिको मस्यौदा तथा यस क्षेत्रका लागि विभिन्न विधेयकहरु छलफलमा आइरहेका बेला यस विषयमा सही रणनीति तयार हुने आशा गरिएको छ । साथै, साइबरस्पेसलाई सुरक्षित र मानवअधिकार मैत्री बनाउन जनस्तरमा बहस अगाडि बढाउन र नीति निर्माण तहका व्यक्तिहरु तथा सांसदहरुलाई पनि नीति तर्जुमा गर्न ज्ञान महत्वपूर्ण हुनेछ ।

हरेक राज्यले अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको पालना गर्दै मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्छन् । मानवअधिकारका दायित्वलाई विभिन्न क्षेत्रीय र राष्ट्रिय मानवअधिकारका नीति र कानूनले पनि उल्लेख गर्छन्, महत्व दिन्छन् ।

यिनीहरूले मानवअधिकारको लागि परि पूरक रुपमा काम गर्दछन् । त्यसैले सरकार तथा राज्यका विभिन्न निकायले विशेष गरी नीति निर्माण गर्दा मानवअधिकारका आयामलाई ध्यान दिनु जरुरी छ । यो कुराले साइबर सुरक्षाका विषयमा बनाईने सार्वजनिक नीतिका सन्दर्भमा पनि उत्तिकै महत्व राख्छ ।

वास्तवमा साइबर सुरक्षा सबल बनाउन राज्य र अन्य निकायले अपनाउने कृयाकलाप र साइबर चुनौतीको सामनासम्बन्धी विषयले मानवअधिकारका विविध पक्षसँग गहिरो र विविधतापूर्ण सम्बन्ध छ । साइबर सुरक्षा सुदृढ गर्नका लागि लिइने उचित कदमले जोकोहीको मानवअधिकारका रक्षामा र साइबर आक्रमणबाट विशेष गरी गोपनीयता र अभिव्यक्ति स्वतन्त्रताको उल्लंघन न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेल्दछ । तर, अनुचित तरिका जस्तै स्वच्छाचारी निगरानी, सञ्चार दक्खल पुऱ्याउने (Intercept) अत्याधिक र अनियन्त्रित अधिकार, साइबर अपराधका अस्पष्ट र व्यापक परिभाषा साइबर सुरक्षाका क्षेत्रभित्र राखिनु पनि मानवअधिकारको गम्भीर उल्लंघन सरह मानिन्छ ।

साइबर सुरक्षा नीतिमा मानवअधिकारको सुनिश्चितताको महत्वको विषयहरुले विषेशगरी उच्चस्तरीय साइबर सुरक्षा प्रक्रियाका रुपमा मान्यता पाएका छन् । अन्तर्राष्ट्रिय सुरक्षाको सन्दर्भमा सूचना तथा सञ्चारका क्षेत्रमा भएका विकास- २०१३, सम्बन्धी यूएन् सरकारी विज्ञ समूहको प्रतिवेदनले उल्लेख गरेको छ, "सूचना तथा सञ्चारप्रविधिको सुरक्षाका लागि राज्यले चाल्ने कदम र मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान अनिवार्यरुपमा सँगसँगै लैजानुपर्दछ ।" त्यसैगरी साइबरस्पेससम्बन्धी विश्व सम्मेलन-२०१५ समापनपश्चात् जारी भएको अध्यक्षको वक्तव्यमा, "सबै सरोकारवालाहरूले साइबर सुरक्षा नीति निर्माण गर्दा स्वतर्स्फूतरुपमा शुरुदेखि नै नीतिमा समावेश गरिने विषयवस्तुहरु अधिकारको संरक्षण गर्ने खालका छन् छैनन् र अन्तर्राष्ट्रिय कानून र अन्तर ाष्ट्रिय मानवअधिकारका संयन्त्रसँग मेल खाएका छन् छैनन् सुनिश्चित गर्नुपर्दछ ।"


साइबर चुनौती/जोखिमसम्बन्धी उचित नीतिगत प्रक्रिया अपनाउँदा मानवअधिकारका विभिन्न पक्षमाथि हुने असरबारे ध्यानपूर्वक सोचविचार गर्नु जरुरी छ, जसले गर्दा मानवअधिकारमा हुने जोखिम कम गर्ने मात्र होइन कि मानवअधिकारको प्रवर्द्धन र अभिबृद्धि गर्दछ । यस प्रक्रियामा एउटा जटिल अवस्था भने राष्ट्रिय साइबर सुरक्षा रणनीति निर्माणको दौरानमा देखापर्छ । साइबर जोखिमका विरुद्ध बृहद्, समन्वयकारी र प्रभावकारी प्रतिकार्यको सुनिश्चिततामा राष्ट्रिय साइबर सुरक्षा रणनीति निर्माणले महत्व राख्दछ ।

सन् २०१९ अगष्ट सम्ममा ८० भन्दा बढी राज्यले यस्तो रणनीति निर्माण गरिसकेका छन् । राष्ट्रिय साइबर सुरक्षा रणनीति निर्माणका लागि विभिन्न सहयोगी सामाग्री उत्पादन भएका छन् ।

अतः यस रणनीतिले मानवअधिकारको सम्मान, संरक्षण, र प्रबर्द्धन गर्नुपर्ने कुरालाई विशेष महत्व दिइएको पाइन्छ । अन्तर्राष्ट्रिय दूरसञ्चार युनियन,विश्वबैक,कमनवेल्थसचिवालय, कमनवेल्थ दूरसञ्चार संगठन र नेटो

- बाँकी पृष्ठ ६ मा

# नेपालराज्य: आधारभूत कर्तव्य र राज्यधर्म पालना गर्न असफल



– आदित्यमान श्रेष्ठ

राज्यका केही आधारभूत कर्तव्य हुन्छन् । नेपालको सन्दर्भमा राज्यले यी कर्तव्यहरु बिर्सिएका छन् । राणा शासकहरुले ती कर्तव्यहरुलाई सम्झन कोशिस गरेका थिए । कम से कम राज्यले जनतालाई न्याय दिनु पर्छ भन्ने उनीहरुले बुझेका थिए । हुन त न्याय भन्नु उनीहरुको आफ्नो स्वार्थमा हानि नोक्सानि हुनु हुँदैन भन्ने थियो । तर यो कुरा अहिले भन्नु हुदैंन ।

राज्यको एउटा आधारभूत कर्तव्य त्यस देशका नागरिकको सुरक्षा हो । भारतमा कुनै दिन मोदी गुजरातको मुख्यमन्त्री थिए । उनको समयमा घोद्रा भन्ने ठाउँमा मुस्लिमहरुको आम हत्या भयो तर मुख्यमन्त्रीले उनीहरुलाई बचाउन कोशिस गरेनन् । यही कारणले अमेरिकाले उनलाई अमेरिकी भिसा नदिने निर्णय गरेको थियो । उनी प्रधानमन्त्री भए पछि मात्र सो भिसाको काण्ड समाप्त भएको थियो । सो काण्ड सम्बन्धी विविसीले बनाएको एउटा डकुमेन्ट्री अहिले पनि भारतमा प्रतिबन्धित भएर विवादमा छ ।

मुख्यमन्त्री नै हुँदा मोदीको भारतका तत्कालिन प्रधानमन्त्री अटल बिहारी बाजपेयीसित भेट भयो । मोदीले बाजपेयीलाई खुबै मान्थे । बाजपेयीले भेट्ने बित्तिकै घोद्राको कुरा निकाले र भने, 'तिमीले राज्यले मान्नु पर्ने पहिलो कर्तव्य नै पूरा गरेनौ ।' भनेको मतलब मोदीले मारिएका मानिसहरुलाई सुरक्षा नै दिएन । राज्यको प्रतिनिधि भएर बसे पछि राज्यले गर्नु पर्ने कर्त्तव्यहरुको ख्याल गर्नुपर्छ भन्ने बाजपेयीको सन्देश थियो मोदिलाई ।

नागरिक प्रति राज्यले गर्नुपर्ने सामान्य र आधारभूत कर्तव्य पनि पुरा नगर्ने राज्यका पदाधिकारीहरु तीनै नागरिकको रगत पसिनाबाट जम्मा भएको राजश्व माथि ब्रह्मलुट गरेर राजश्री जीवन व्यतित् गरिरहेका छन् । राज्य धर्मच्युत भैरहेको छ । सरकार, संसद, न्यायालय, संवैधानिक अंगहरु देखि सेना, प्रहरी, निजामती हुदैँ स्थानीय तहका वडा कार्यालयसम्म राज्यधर्मको सामान्य पालना गर्ने कर्तव्य विमूख हुनु आज हामी नेपालीको नियती हुन पुगेको छ ।

यो कुरा माहाभारतमा पनि बराबर आउने गरेको छ । युधिष्ठिर राजा भए पछि देवर्षी नारद भेट्न आउँछन् र अनेक प्रश्न गर्छन् । तिनीहरु मध्ये यहाँ केही दिइएको छ । उनले सोध्छन्, 'कच्चित् त्वमेव सर्वस्याः पृथीव्याः पृथिवीपते । समश्चानभिशङ्क्यश्च यथा माता यथा पिता ॥' अर्थात् देशका जनता साराले आफ्ना माता पिता सरी, तिम्रो विश्वास गर्छन् कि गर्दैनन् के छ यो समयमा ? जसरी आमाबाबुले आफ्ना सन्तानको रक्षा गर्दछन् उसरी नै शासकले आफ्ना जनताको रक्षा गर्नु पर्द छ भन्ने हो । तर हामीले देखेका, भोगेका, सुनेका र बुझेका छौं हामी नेपालीको हालत के छ । मानिसहरु खुरुखुरु आत्महत्या गरिरहेका छन्, बलात्कारीहरु सम्मानपूर्वक खुलेआम घुमिरहेका छन् र अन्याय अत्याचार गर्नेहरु भटाभट दोष मुक्त भइरहेका छन् । अपराधी र हत्याराहरुले राज्यबाट छुटकारा पाइरहेका छन् । अपराधीहरुले यसरी मुक्ति पाउने व्यवस्था हुनु नै राज्यको एउटा गम्भिर




असफलता हो ।

एउटा कुरामा भने नारद मुनीले नेपालकै परिप्रेक्षमा सोधेका हुन् कि भन्ने पनि पर्न सक्छ । उनले सोधेका छन्, 'कच्चिन्न भक्तं बीजं च कर्षकस्यावसीदसि । प्रत्येकं च शतं वृद्ध्या ददास्यृणमनुग्रहम् ॥' अर्थात किसानलाई खान्की र बीउको दुःख पर्छ कि ? सैकडा एक मा उनले पाउने ऋण मिल्छ कि मिल्दैन ? नेपालमा कृषि मल नपाएर किसानहरुले एक ठाउँमा मल बोकेको गाडीबाटै मल लुटेर लगे । अर्को भण्डारबाटै मल लुटियो । सरकारले मलको व्यवस्था मिलाउन अनेक प्रयत्न गरे जस्तो त गर्यो तर कतैबाट मल समयमा आएन । किसानहरुले समयमा मल पाएनन् । किनभने सरकारले बोलेको पुरा गर्न सकेन । राज्य अविश्वसनीय भयो । किसानहरु निराश भए । अर्को कुरा ऋणको सम्बन्धमा यसमा भनिए जस्तै एक प्रतिशत व्याजमा पाउने नेपालममा कल्पना नगरे पनि हुन्छ । नेपालका व्यापारीहरुले व्याजको दर अति उच्च भयो भनेर दिन रात विरोध गरेको गरेकै छन् । तर सरकार मौन छ । यसबाट थाहा पाइन्छ नेपालको राज्यले गर्नुपर्ने काम गरेको छैन ।

त्यसैगरी जब धृतराष्ट्र माहाभारतको युद्ध पछि बनमा जान लाग्छन् त्यसबेला उनले युधिष्ठिरलाई केही अर्ति दिएर जान थाल्छन् । त्यसबेला पनि उनले राज्यले गर्नैपर्ने कामको चर्चा गरेका छन् । उनी भन्छन्, 'विनितांश्च कुलीनांश्च धर्मार्थकुशलानृजून् । तैः धार्थं मन्त्रयेथास्त्वं नात्यर्थं बहुभिः सह ॥' अर्थात 'विद्वान कुलीन मान्छेका सुन्नु तर्क र भावना, धेरै मान्छेसँगै राखी नगर्नू गुप्त मन्त्रणा' । यसको ठीक उल्टो आजकल नेपालमा राष्ट्रिय सहमतिको तर्क गरेर देशको निर्णय गर्ने गरिन्छ । असलमा चार पाँच जना नेतामिलेर यस्तो निर्णय गर्दछन् । यसबाट धेरै मानिसहरुको चित्त त बुझ्छ तर राज्यले गर्नुपर्ने खास काम भएको हुँदैन । धेरै काम लोकप्रियताको लागि गरेको देखाइन्छ, समस्या समाधान हुने ठोस काम गरिएको हुदैंन । यस मानेमा राज्यको कर्त्तव्य पूरा भएको हुँदैन । धेरै मानिसको हुलमा राज्यको कर्त्तव्यको नै खयाल गरिँदैन । सिर्फ दल र दलीय स्वार्थको कुरामा काम हुने गरेको मात्र छ ।

धृतराष्ट्रले यो पनि भनेका छन् कि 'पौरजानपदानां शौचाशौचे युद्धिष्ठिर । यथास्याद् विदितं राजन् पुनः पुनररिंदम ॥' अर्थात 'घटदो छ या बढदो छ आफुमा जन आदर, जसरी हुन्छ यो जान्न खोजी राख युधिष्ठिर' । यसबाट पनि राज्यमा बस्ने मानिसहरुले जनचाहना के छ भनेर बराबर बुझ्न सक्नु पर्छ । तर यहाँ त आम मानिसहरु विभिन्न माध्यमबाट कराउँदै गर्छन् तर नेताहरु आफ्नो स्वार्थ छाड्नु हुन्न भन्ने कार्य गरिरहेका

- बाँकी पृष्ठ ६ मा

# स्ववियु निर्वाचन : आठ क्याम्पसमा अवरुद्ध, दुई क्याम्पसमा निर्विरोध

काठमाडौँ, २८ फागुन
त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका आङ्गिकतर्फ आठ क्याम्पसमा निर्वाचन प्रक्रिया अवरुद्ध भएको छ।




देशभरका क्याम्पसमा शनिवार (फागुन २७ गते) उत्साहजनक रूपमा उम्मेदवारको मनोनयन भए पनि आठ आङ्गिक क्याम्पसमा भर्ना विवादले निर्वाचन प्रक्रिया अवरुद्ध भएको छ । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले विद्यार्थी सङ्गठनबीच भर्नाका विषयमा विवाद भएको कारणले निर्वाचन प्रक्रिया रोकिएको जानकारी दिए।

उनका अनुसार उपत्यकामा त्रिचन्द्र क्याम्पस, विश्वभाषा क्याम्पस र आयुर्वेद क्याम्पस तथा उपत्यकाबाहिर पृथ्वीनारायण क्याम्पस पोखरा, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज, सिद्धनाथ विज्ञान बहुमुखी क्याम्पस महेन्द्रनगर, धवलागिरि क्याम्पस बागलुङ र वीरेन्द्र क्याम्पस चितवनमा निर्वाचन प्रक्रिया अवरुद्ध भएका हुन् । उनले अवरुद्ध भएको क्याम्पसमा निर्वाचन प्रक्रिया थाल्न क्याम्पस प्रमुखलाई निर्देशन दिइसकेको जानकारी दिए।

"हामी यसपटक सबै क्याम्पसमा निर्वाचन गराउने छौँ", उनले भने, "रोकिएको क्याम्पसमा विद्यार्थी सङ्गठनसँग वार्ता गरेर प्रक्रिया अगाडि बढाउन निर्देशन दिएका छौँ।"

आरआर क्याम्पस, नेपाल कमर्श क्याम्पस, जनप्रशासन क्याम्पसमा रोकिएको निर्वाचन प्रक्रिया आइतवारनै सुरु गर्ने उहाँले जानकारी दिए । उम्मेदवारीसँगै विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन हुने सुनिश्चित भएको हो।

दुई क्याम्पसमा निर्विरोध

खेलकुद निर्देशनालयका निर्देशक अधिकारीले दुई क्याम्पसमा निर्विरोध निर्वाचित भएको जानकारी दिए। उनका अनुसार गोरखा बहुमुखी क्याम्पस गोरखा र धनकुटा बहुमुखी क्याम्पस धनकुटामा स्ववियुको नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएका हुन्।

यसपटकको स्ववियु निर्वाचनमा अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट हुँदैछ।

प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन विसं २०६५ यता नियमित हुनसकेको छैन । विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा विसं २०७३ चैत १५ गते भएको थियो । आजै उम्मेदवारमाथिको दाबी उपरमाथि छानबिन गरेपछि उम्मेदवारको नामावली प्रकाशन गरिएको छ । फागुन २९ गते दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र सोही दिन दिउँसो २ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ।

स्ववियु निर्वाचन चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको छ। निर्वाचन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ। रासस

# फागुनमै सुक्न लागे खानेपानीका मुहान

महोत्तरी, २८ फागुन
यस वर्ष फागुन नसकिँदै खानेपानीका मुहान थालेका छन् । सामान्यतया वैशाख/जेठमा खानेपानीको मुहान सुक्ने गरेकामा यस वर्ष खडेरीले फागुन नसकिँदै मुहान सुक्न थालेका हुन् ।

महोत्तरीको उत्तरी भेगमा पर्ने बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा खानेपानीको मुहान सुक्दै गएका छन् । पानीका स्रोत सुक्दै गएपछि यसपाली खानेपानीको हाहाकार हुने भन्दै स्थानीयवासी चिन्तित भएका छन् । "धाराबाट पानी झर्नै छाड्यो", बर्दिबास-२ की गायत्री उपाध्यायले भने , "गत वर्ष यो बेला यस्तो भोग्नु परेको थिएन, पानीका लागि अहिले त दिनभर कुरेर बस्नुपर्ने भएको छ।"

बर्दिबास नगरपालिकाका धेरैजसो बस्तीमा नदी, खोल्सी र जरुवाको पानी सङ्कलन गरिएको पानी सर्वसाधारणलाई वितरण गरिँदै आइएको छ । यस वर्ष हिउँदे वर्षा नहुँदा नदी, खोल्सी र जरुवाका मुहान चाँडै सुक्दा पानीको समस्या भएको स्थानीय बताउँछन् । "पानीको स्रोत सुक्दै गएकाले धारामा पानी घटेको हो", बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष भुलनबहादुर सेनले भने। संस्थाले बर्दिबास-१, २, ३ र १४ वडाका उपभोक्तालाई खानेपानीको व्यवस्था गर्दै आएको छ।

बर्दिवासका चल्की विजलपुरा, भेडियारीटोल, मेघरोलसहितका बस्तीमा चापाकल तथा पशुपतिनगर, विजलपुरा, प्रेमनगर, किसाननगर र हाथीलेटका बस्तीमा इनार प्रयोग गरिँदै आएकामा केही समययता चापाकल सुक्दै गएका छन् । इनारमा पनि पानीको सतह गहिरिएको स्थानीयले बताए।




भङ्गाहा र गौशालामा इनार र चापाकलको प्रयोग गरिन्छ। पानीका स्रोत सुक्दै गएका भङ्गाहा-४ प्रेमनगरका जवाहर महतोले बताए । "अब वर्षा भएमात्र पानी पर्याप्त हुन्छ", उनले भने । वडा नं ४ र ५ का बस्तीमा बर्सेनि गर्मीयाममा खानेपानीको सङ्कट हुँदै आएको छ । "पहिला १५ हात इनार खनेपछि पानीको मूल भेटिन्थ्यो", स्थानीय ६० वर्षीय हरिदेव साहले भने।

चुरे पहाडी काछका बस्तीमा पनि खानेपानीको समस्या भएको छ । जरुवा पानीका मुहान सुक्दै गएपछि समस्या भएको हो । बर्दिवास-३, ४, ५, १० र ११ वडा यस क्षेत्रमा पर्छन् । "एक दशकअघिसम्म यहाँका जरुवा कहिल्यै सुक्दैनथे, पछिल्ला केही वर्षयता नदी, पाखा र बगर पर्ती जग्गामा बालुवा, ढुङ्गा झिक्न ठूलाठूला उपकरण प्रयोग हुन थालेपछि मुहान सुक्दै गएका हुन्", बर्दिवास-१० खयरमाराका ६० वर्षीय प्रेमध्वज लामाले भने । पानीका मुहान सुक्दै जानुका कारण वन विनाश र अवैध उत्खनन् नियन्त्रण हुन नसक्नु पनि भएको उनले बताए।

खानेपानीको स्रोत इनारमात्र भएका बर्दिवास-८ को हाथीलेटको विजय बस्तीमा पनि पानी सुक्दै गएको छ। गौशाला नगरपालिकाको बेलगाछी, भरतपुर, लक्ष्मीनियाँ र रामनगर तथा भङ्गाहा नगरपालिकाको प्रेमनगर, भूचक्रपुर, धतियाटोल, रामनगरसहितका बस्तीमा इनार र चापाकल सुक्न थालेपछि फागुन नसकिँदै खानेपानीको सङ्कट भएको छ।

बर्दिवास, गौशाला र भङ्गाहा नगरपालिकाका बस्तीमा पाँच वर्षयता इनार सुक्नेक्रम बढ्दै गएको छ। यसअघि लामो खडेरी पर्दा मात्र इनार सुकेका थिए । गाईबस्तुलाई पानी खुवाउन समस्या भएको स्थानीयको भनाइ छ । पानी अभावले बालीनालीसमेत सुक्न थालेको भङ्गाहा-४ रामनगरका नारायण दाहालले बताए । चुरे क्षेत्रका खोल्साखोल्सी, वन क्षेत्र, नदी, सिमसार क्षेत्र र पोखरी -तलाउ) पानीका मुख्य स्रोत भएकाले यिनको संरक्षण एवं उपयोग नीति नबनेसम्म पानीको सङ्कट नटुङ्गिने भङ्गाहा-७ का वन, वातावरण र चुरे विज्ञ डा विजयकुमार सिंहले बताए ।रासस

# सिन्धुली बस दुर्घटना अपटेड : तीन जनाको सनाखत



कमलामाई , २८ फागुन
मध्यपहाडी राजमार्गअन्तर्गत सिन्धुलीको फिक्कल गाउँपालिका-४ कुहिभीरमा बस दुर्घटनामा परी ज्यान गुमाएका छमध्ये तीन जनाको सनाखत भएको छ। उक्त दुर्घटनामा तीन महिला र तीन पुरुषको मृत्यु भएको थियो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजकुमार सिलवालकाअनुसार दुर्घटनामा ज्यान गुमाउनेमा ओखलढुङगाको सिद्धिचरण नगरपालिका-३ का ३२ वर्षीय पेशल भुजेल, मानेभञ्ज्याङ गाउँपालिका-६ का २४ वर्षीय देवबहादुर सार्की र उदयपुरको कटारी नगरपालिका-२ का ३४ वर्षीया कुमारी मगर रहेका छन् । अन्य मृतकको सनाखत हुन सकेको छैन।

ओखलढुङ्गाबाट काठमाडौँ जाँदै गरेको बा२ख ६५९६ नम्बरको बस आज बिहान दुर्घटना भएको हो।

बसमा चालकसहित ३६ यात्रु सवार थिए । सोह्र घाइतेलाई उपचारका लागि काठमाडौँ लगिएको सिलवालले जानकारी दिए । ती मध्ये आठ जनालाई हेलिकप्टरमा तथा आठ जनालाई एम्बुलेन्समार्फत उपचारका लागि काठमाडौँ लगिएको हो । सामान्य घाइते १४ जनाको खुर्कोट अस्पतालमा उपचार भइरहेको छ । बसको ब्रेक फेल भइ अन्यन्त्रित हुँदा भित्तामा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।रासस

# नेहा चौधरीको ससुरा रामप्रवेश पक्राउ

मधेशदृष्टि
महोत्तरी, २८ फागुन। महोत्तरीको नेहा चौधरीको घटनामा उनका ससुरा पक्राउ परेका छन्।

दाइजो नल्याएको भन्दै बुहारी नेहा चौधरीलाई शारिरिक र मानसिक यातना दिएको आरोपमा राम प्रवेश चौधरी पक्राउ परेका हुन्।

महोत्तरीको औरही नगरपालिका वस्ने उनकी बुहारी नेहा चौधरीले दिएको किटानी जाहेरीका आधारमा उनका ससुरा राम प्रवेश चौधरीलाई पक्राउ गरिएको हो। २० असोज २०७९ मा दाइजो नल्याएको भन्दै श्रीमान पंकज चौधरी र ससुरा राम प्रवेश चौधरीले घरमा नै बस्न नदिएको भन्दै उनीविरुद्ध नेहा चौधरीले मुद्दा हालेकी थिइन्। त्यस लगत्तै श्रीमान् पंकजलाई भने अदालतको आदेश बमोजिम प्रहरीले पक्राउ गरी पूर्पक्षको लागि जेल चलान गरिसकेको छ । तर पंकजका बुवा राम प्रवेश फरार भएका थिए। मनरासिस्वा नगरपालिकाको कट्टी गाउँ स्थित दशगजा नजिकै लुकिछिपी बसिरहेको बेला उनलाइ पक्राउ गरिएको प्रहरीले जनाएको छ।

गएको ११ चैत्र २०७८ मा रामगोपालपुरमा विवाह भएको नेहा र पंकजको सामाजिक परम्परा अनुसार नै ५१ लाख नगद २० तोला सुन, ३० तोला चादी, टिभी, फ्रीज लगायत दाइजोकोरुपमा ल्याएको उनले जाहेरीमा उल्लेख गरेकी थिइन् । यस्का बाबजुत पनि विवाह भएको ८ महिनापछि पंकजलगायत उनको घरपरिवारले नेहालाइ घरनिकाला गरिदिएपछी उनले मानवअधिकारवादी र मिडियाकर्मीहरूसगँ सहयोगको याचना गरेकी थिइन् । श्रीमान् पंकज र उनका बुवा राम प्रवेशलाइ अदालतले पूर्पक्षको लागि जेल चलान गर्ने आदेश दिएलगत्तै पंकज पक्राउ परेता पनि राम प्रवेश भने फरार नै थिए।

प्रहरीको खोजीको क्रममा रहेका राम प्रवेश दशगजा क्षेत्रमा लुकेर बसेको सूचनाका आधारमा पक्राउ गरिएको प्रहरी उपरीक्षक प्रकाश मल्लले जानकारी दिए । छोरा पंकजलाइ जस्तै उनलाई पनि सोही पकृतिको कसुरमा कारवाही प्रक्रिया अगाडि बढाइने जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## नेपालराज्यः आधारभूत ..............................

छन्। यसबाट राज्यमा बस्ने मानिसहरुको स्वार्थ त पुरा भैरहेको छ तर राज्यको धर्म र काम भने पुरा भैरहेको छैन। यसबाट पनि थाहा लाग्छ कि राज्यको प्रतिनिधित्व गर्ने मानिसहरु अलोकप्रिय हुँदै जान्छन् तर उनीहरुको स्वार्थ भने पुरा भैरहेको देखिन्छ । राज्यका प्रतिनिधिको रुपमा जनचाहना पुरा गर्ने कर्तव्य उनीहरु भुलिरहेका छन्।

धृतराष्ट्रले भनेका ती कुरा खासमा राज्यको सँधै गर्नुपर्ने कर्त्तव्य भित्रको कुरा हुने गर्दछ । उनी भन्छन्, 'एवं त्वया कुरुश्रेष्ठ वर्तितव्यं प्रजाहितम् । उभयोर्लोकयोस्तात प्राप्तये नित्यमेव च ॥' अर्थात 'यस्तो बन कि राजा, रिझाएर प्रजा कन, यहाँ किर्ति वहाँ स्वर्ग दुवै लोक सनातन' । धृतराष्ट्रले यसरी प्रजालाई रिझाउने कुरा गरेका छन् तर नेपालका शासकहरु जति सक्यो प्रजालाई सताउने र आफ्नो स्वार्थ पुरा गर्ने तिर मात्र लागेका छन् । उनीहरुले राज्यको यो सामान्य धर्म ख्याल गर्न सकेका छैनन् । यसै गरी औंर्व ऋषिका अर्तिहरु पनि यसैसँग मिल्दछन् । एउटा श्लोकमा उनी भन्छन्, 'यदा तु प्रतिषेद्धार पापो न लभते क्वचित् । तिष्ठन्ति बहवो लोकाः सदा पापेषु कर्मसु' । अर्थात 'यदि राज्यमा बसेको कोही मानिसले पनि पाप रोकेन भने त्यहाँ सबै मानिसहरु पापै पाप गर्न अघि बढ्छन्' । यसबाट नेपालमा हुने भ्रष्टाचारको कुरा मिल्न आउँछ। यदि राज्यको जिम्मेवारी लिएका मानिसहरु नै भ्रष्टाचार गर्छन् भने राज्यका सबै अंगहरुमा बसेका मानिसहरु पनि यही काम गर्न तम्सिन्छन् । यस सम्बन्धमा भ्रष्टाचार छानबीन गर्ने आयोगका सदस्यहरु नै यस काममा संलग्न भएको देखिएकै छ । हाम्रा अदालतले केही यस्ता आयोगका कर्मचारीहरुलाई सजाय तोकेको पनि देखियो । तर राज्यका सार्वजनिक निकायहरु जताततै भ्रष्टाचारकै पापकर्म आम प्रवृत्तिका रुपमा फैलिएको छर्लङ्ग छ। देशका मुख्य मानिसहरु नै भ्रष्टाचारी भएकोले भ्रष्टाचार गर्नु सबैतिर सामान्य हुन पुगेको छ।

उनीले यसै सिलसिलामा भनेका छन्, 'जानन्नपि च यः पापं शक्तिमान् न नियच्छति। ईशः सन् सो पि तेनैव कर्मणा सम्प्रयुज्यते'। अर्थात 'जानी जानी पनि पाप जसले खोज्दैन रोक्न, त्यस घडिमा आफूले पाप नगरे पनि सो मानिस पापी नै ठहरिन्छ।' भनाईको मतलव आफैले पाप नगरे पनि या आफैले पैसा नखाए पनि सो मानिस यदी उसलाई सो पापबारे थाहा छ भने सो पापको भागी ऊ पनि हुन्छ। यसबाट के थाहा हुन्छ भने कुनै अन्याय अत्याचार कतै भएको थाहा पाउने मानिसहरु नै चुप लागेर बसेको छ भने उनीहरुले त्यसबाट छुटकारा पाउँदैनन् । उनीहरु पनि पापी अर्थात जिम्मेवार ठहरिन्छन् । त्यसकारण समाजमा भइरहेका यस्ता कुकर्महरुको विरोधमा बोल्नु कर्तव्य हुन्छ र त्यस्तो काम गर्नु जायज मानिन्छ । तर, नेपालमा पापकर्म देखिरहेकाहरु पनि चुपचाप सहने, हेर्ने र मौन बस्ने प्रवृत्ति बढेर गएको छ। नेपालीहरु प्रति नेपाल राज्यको केही कर्त्तव्यहरु हुन्छन् जसबाट कुनै पनि सरकार टाढा जान सक्दैन । आधुनिक राज्य होस् या पुरानो आफ्ना नागरिकहरुको रक्षा गर्नु पहिलो कर्त्तव्य हो । यसैकारणले नागरिकको कसैले हत्या गरिदियो भने सो सरकारी मामिला हुन्छ। सरकार नै सो हत्याराको विरुद्ध न्यायालयमा मुद्दा लड्द छ। विदेशमा कुनै नागरिकमाथि अन्याय भयो भने सरकार नै अघि सर्नु पर्दछ। त्यसैकारण आफ्ना नागरिकहरुको रक्षाकालागि अरु देशहरुमा राजदूतावास राख्ने चलन छ । जब कुनै अर्को सरकारले आफ्ना नागरिकहरुमाथि अन्याय अत्याचार गर्दछ त्यसबेला आफ्नो सरकारले आवाज उठाउनु पर्दछ । तर नेपालको सरकारको भने कुरा बेग्लैछ । आफ्ना नागरिकहरु जति पनि अन्यायमा परेपनि त्यसबारे सरकार धेरैजसो मौन धारण गर्दछ। विदेशी सरकारहरु रिसाउला भनेर डराउछ। नेपालका लाखौं युवकहरु विदेशमा जाँदा नेपाल कै मानिसहरुले उनीहरुलाइ ठगेको हुन्छ। त्यस माथि विदेशीले ठग्ने त बेग्लै छ। विदेशमा बसेका नेपाली नागरिकहरु चिच्याउँदै गर्छन् तर आफ्नो सरकारले सुन्दैन र सुने पनि नसुने झैं गरेर बस्छ । त्यस मानेमा नेपाली राज्यले नागरिक सुरक्षाको आधारभूत कर्त्तव्य पनि पुरा नगरेको देखिन्छ। नागरिक प्रति राज्यले गर्नुपर्ने सामान्य र आधारभूत कर्तव्य पनि पुरा नगर्ने राज्यका पदाधिकारीहरु तीनै नागरिकको रगत पसिनाबाट जम्मा भएको राजश्व माथि ब्रह्मलुट गरेर राजश्री जीवन व्यतित् गरिरहेका छन् । राज्य धर्मच्युत भैरहेको छ । सरकार, संसद, न्यायालय, संवैधानिक अंगहरु देखि सेना, प्रहरी, निजामती हुदैं स्थानीय तहका वडा कार्यालयसम्म राज्यधर्मको सामान्य पालना गर्ने कर्तव्य विमूख हुनु आज हामी नेपालीको नियती हुन पुगेको छ । यस्तो राज्य नागरिकको संरक्षक र हितकारी नभएर शोषणको साधन हुन पुगेको छ। राज्यप्रति नागरिकको आशा, भरोसा र विश्वास भत्किएको छ । यसबाट देश हुनु र नहुनुको कुनै फरकपन नागरिकले अनुभव गर्न नसक्नुले नेपाल राज्यको सान्दर्भिकतामाथिनै जनमानसमा प्रश्न खडा भएको छ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## मानवअधिकार र राष्ट्रिय ..........

कोअपरेटिभ साइबर डिफेन्स सेन्टर अफ एक्सेलेन्सले संयुक्तरुपमा तयार पारेको 'साइबर सुरक्षा रणनीति निर्माणको लागि निर्र्देशिका' ले विशेषरुपमा उदाहरण दिएको छ -

"रणनीतिले मानिसका अफलाइनमा रहेका अधिकार अनलाइनमा पनि अनिवार्यरुपमा संरक्षण गर्नुपर्ने तथ्यलाई स्वीकार गर्नुपर्दछ । यसले विश्वव्यापी मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी र अन्य सान्दर्भिक बहूपक्षीय र क्षेत्रीय कानूनी दस्तावेजका साथै विश्वव्यापीरुपमा स्वीकृत आधार भूत अधिकारहरूको सम्मान गर्नुपर्दछ।"

अभिव्यक्ति स्वतन्त्रता, सञ्चारसम्बन्धी गोपनीयता र व्यक्तिगत तथ्यांक संरक्षणमा पनि उक्तिकै ध्यान दिनु जरुरी छ। विशेषगरी साइबर सुरक्षा रणनीतिले स्वेच्छाचारी, अप्रमाणित र गैह्रकानूनी निगरानी, सञ्चार र व्यक्तिगत तथ्यांकमा अवरोध (interception) गर्न मद्दत पुर्‍याउने खालको प्रावधान राख्नुहुदैन । व्यक्ति र राज्यका आवश्यकताबीच सन्तुलन कायम गर्दा, निगरानी, सञ्चारमा अवरोध (Intercept) र व्यक्तिगत तथ्यांक संकलन गर्दा विशेष अनुसन्धान अथवा कानूनी मुद्दामा मात्रै रणनीतिले सुनिश्चित गर्नुपर्छ । जुन कुरा सम्बन्धित अधिकारसम्पन्न राष्ट्रिय निकायबाट र सार्वजनिक, सटीक, बृहद् र विभेदरहित कानूनी संरचनाको आधारमा गरिन्छ। त्यसैगरी ती कार्यको निरीक्षण, प्रक्रियागत सुरक्षा र कानूनी उपचार सुदृढ हुनु जरुरी छ।

कानून र रणनीति कार्यान्वयनसम्बन्धी अधिकारमा प्रयोग हुने भाषा र प्रतिवद्धताले विशेष महत्व राख्छ जस्तै, फौजदारी अपराध, सुरक्षा निकाय र कानून कार्यान्वयन गर्ने निकायको शक्ति (अधिकार) अथवा नीजि क्षेत्रका दायित्वहरू। यी आम भनाइका अलावा राष्ट्रिय साइबर सुरक्षा नीतिले मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन कसरी गर्ने भन्नेबारे अझै पनि मार्गदर्शनको अभाव छ।

यो यूएन् सरकारी विज्ञ समूहको प्रतिवेदनको उद्देश्य अहिले भइरहेका विभिन्न देशका रणनीतिहरुमा रहेका असल अभ्यास प्रस्तुत गर्दै संवेदनशील विषयवस्तु अध्ययन गर्दै यस सम्बन्धी मार्गदर्शनमा देखिएको अभावलाई सम्बोधन गर्न यस्तो रणनीतिका अन्तरवस्तुले मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सहयोग पुग्दछ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## राराब क्याम्पसमा ..................................

शिक्षा लागू गरेपछि ८ हजारसम्म विद्यार्थी संख्या पुगेको छ । हजारौको संख्यामा विद्यार्थी छन् तर पढाईको बेला विद्यार्थी नै देखिदैनन् मधेशदृष्टिको जिज्ञासामा उनले भने परम्परागत शिक्षातर्फका अधिकांश विद्यार्थी जागिरमा रहेको कारण डिग्री लिने उद्देश्यले नामांकन गराएको तर क्लास गर्न नआउने गरेको कारण कमी आएको हो । तर प्राविधिक शिक्षातर्फ ५० प्रतिशतभन्दा बढी विद्यार्थी नियमित रुपमा क्लास गर्न आइरहेको बताए।

उनले राज्यको गलत नितीकै कारण सरकारी क्याम्पसको अवस्था दयनिय रहेको बताउदै उनले अझै केहि नबिग्रेको छैन नितीमा परिवर्तन गरेर सिमित संकायको इजाजत मात्र निजी कलेज/क्याम्पसहरुलाई इजाजत र पदाधिकारी, शिक्षक/कर्मचारीको समयमै सरुवा बढुवा पदपूर्ति र प्राविधिक शिक्षामा जोड दिए राराब क्याम्पस मात्र त्रिवित्रिको सबै आंगिक क्याम्पसको अवस्थामा सुधार आउनेछ। यता विद्यार्थी नेताहरु डेढ दशक सम्म स्ववियु नेतृत्व विहिन बनेकाले क्याम्पस प्रशासन गर्दै आएको मनमौजीको कारणले क्याम्पसहरुको अवस्था दयनीय हुन गएको आरोप लगाए । स्ववियु सभापतीमा उम्मेदवार बनेका नेविसंघका मनिष कुमार यादव र जविसंघका मो. ईजाज मोमिनले क्याम्पस प्रशासनको मनपर्दीले क्याम्पसहरुको अवस्था दयनीय हुन गएको बताए।

स्ववियु निर्वाचनमा सभापतिका दलिय उम्मेदवारहरु क्याम्पसको दुरावस्थाको कारक प्रध्यापक, शिक्षक र लापरवाह क्याम्पस प्रशासनलाई बताउदै त्यसैलाई केन्द्रित गरि चुनावी एजेन्डा नै बनाएका छन् । लोकतान्त्रिक विद्यार्थी संघका उम्मेदवार प्रशान्त कुमार झा, समाजवादी विद्यार्थी युनियनका उम्मेदवार गौतम यादव चोरबार सहितकाले स्ववियुले नेतृत्व पाएपछि राराब क्याम्पसको शैक्षिक अवस्था सहित सबैमा सुधार आउनेछ बताए। वि.सं. २०१४ सालमा जनकपुरधामका समाजसेवी दाताहरु रामस्वरुप साह र रामसागर साह तथा उनका परिवारले आफनो निजी करिव ६९ विग्घा जग्गा दान गरि स्थापना गरिदिएको सो क्याम्पसले जनकपुरधाम र धनुषालाई मात्र नभई नेपालकै दर्जनौं जिल्लालाई कुनै समयमा साक्षर बनाउने काम गरेका थिए। तर हाल जिर्नोदार र संरक्षणको अभावमा दयनिय अवस्थामा पुगेको छ। संरक्षण र सरसफाईको आभावमा केही भवनहरु जिर्ण बनेको छ भने पठन पाठनको फर्निचर समेत जिर्ण र आभाव देखिएको छ।

## कमला पुलको पुनः......................................

सडक र पुल जीर्ण भएसँगै यात्रुहरू जोखिमपूर्ण यात्रागर्न बाध्य छन्। पूर्व-पश्चिम राजमार्गमा रहेका दर्जनौं पुल अहिले पनि जोखिमपूर्ण अवस्थामा छन् ।

गत जेठमा मात्रै सडक विभागको पुल आयोजनाबाट अनुगमन गर्न गएको टोलीले राजमार्गमा एक सय १७ वटा पुलजीर्ण अवस्थामा भेटिएपछि मर्मतका लागि सरकारलाई प्रतिवेदन बुझाएको थियो । अहिले राजमार्गका केही पुल मर्मतकै क्रममा छन्। खास गरी नदीहरूबाट बालुवा, गिट्टी र ढुंगा लगायत नदीजन्य सामग्रीखन्ने ठेक्का सम्झौता गरी अनुमति दिएपछि कैयौं पुल जोखिमपूर्ण बनेको ठम्याई पुल महाशाखाको छ । जथाभावी उत्खननले खोला नदीको वहावक्षेत्र परिवर्तन हुने र त्यसको असर पुल र वस्तीमा पर्दै आएको छ। उता गण्डक नहरको सीमा क्षेत्र दशौतादेखि रौतहटसम्मको अधिकांशपुल जीर्ण अवस्थामा छन्। गण्डक नहरको ८१ किलोमिटरको दूरीभित्र ३० वटा पुल समयमा मर्मत नहुँदा पुलहरु जोखिमयुक्त रहेका छन्।

मन्त्री श्रेष्ठका अनुसार कमलापुलको पुनर्निर्माण प्रक्रिया सुरु भईसक्यो। अब बाँकी राजमार्ग लगायत अन्य महत्वपूर्ण र सामरिक महत्व राखेका सडकमा जीर्ण रहेका पुलको मर्मतसंम्मार र पुनर्निर्माणको कार्य पनि सुरु हुन्छ । मन्त्रीश्रेष्ठ भन्छन्, 'जीर्ण पुलका सबै विवरण मगाएर अध्ययन भइरहेको छ। नयाँ निर्माण गर्नुपर्ने पुल र मर्मतका लागिभनेर मन्त्रालयले बजेट नै छुट्याइएको छ । अबका मद्रुतगतिमा अगाडि बढ्ने छ।'

समयमा ठेक्का सम्पन्ननगर्ने ठेकेदारको ठेक्का रद्द गर्ने वाउनीहरुलाई कालोसूचीमा राख्ने भन्ने विषयमा पनि छलफलमै रहेको तथा अब झोलामा ठेक्का बोकेर हिँड्ने प्रवृतिको अन्त्य हुनुपर्छ।

# आइसीसी लिग-२ : नेपालद्वारा एकदिवसीय मान्यता सुरक्षित



काठमाडौँ, २८ फागुन
आइसीसी पुरुष क्रिकेट विश्व कप लिग-२ अन्तर्गत जारी शृङ्खलामा यूनाइटेड अरब इमिरेट्स (यूएई) लाई हराउँदै नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता सुरक्षित गर्न सफल भएको छ। घरेलु मैदानमा आफ्नो दोस्रो खेलमा युएईलाई एक सय ७७ रनले हराउँदै नेपालले एकदिवसीय मान्यता कायमै राखेको हो। यो जितसँगै नेपालले थप चार वर्षका लागि एकदिवसीय मान्यता सुरक्षित राखेको हो।

नेपालले सन् २०१८ मा पहिलो पटक क्रिकेटमा एकदिवसीय मान्यता पाएको थियो। हाल जारी लिग-२ को शीर्ष पाँच स्थानसम्म कायमै रहने राष्ट्रलाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)ले एकदिवसीय मान्यता दिने प्रावधान छ। आइतवारको जितसँगै नेपाल सात राष्ट्र सम्मिलित लिग-२ को चौथौ स्थानमा उक्लेको छ। नेपालले लिग-२ मा अब दुई खेल खेल्न बाँकी छ। जारी शृंखलामा हालसम्म नेपालले ३४ खेलबाट ३६ अङ्क जोडेको छ। युएईले समान खेलमा ३१ अङ्क बनाएको छ। युएई लि-२ को छैटौँ स्थानमा छ। उसले पनि अब दुई खेल्न बाँकी छ। यस्तै पपुवा न्युगिनी लिग-२ को पुछारमा छ। लिग-२ का यि तीन राष्ट्रसँगै स्कटल्याण्ड, ओमान, नामिबिया र अमेरिका समेत रहेका छन्।

आइतवारको खेलमा नेपालको घातक बलिङसामु युएईका ब्याटर निरीह साबित भए। जितका लागि नेपालले दुई सय ४९ रनको लक्ष्य दिएकामा युएईको पारी ७१ रनमै ध्वस्त भयो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज नेपालले टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय गरेको थियो। नेपालले निर्धारित ५० ओभरको खेलमा ४९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै २४८ रन बनाएको थियो। नेपालले २२ रन बनाउँदा तीन विकेट गुमाइसकेको अवस्थामा कप्तान रोहितकुमार पौडेलले पारी सम्हालेका थिए। उनले ११२ बल खेल्ने क्रममा नौ चौकासहित ७७ रन बनाए। पौडेल आजको खेलमा प्लेयर अफ द म्याचसमेत घोषित भए। यस्तै, आरिफ शेखले ५२ बल खेल्दै ४३, गुल्सन झाले ३१ बलमा ३७, दीपेन्द्रसिंह ऐरीले १९ बलमा ३४ रन र भीम सार्कीले ३७ बल खेल्दै २९ रन बनाए। बलिङतर्फ यूएईका लागि आयान अफजल खान, जहुर खान, रोहन मुस्तफा र जवार फरिदले दुई/दुई तथा आर्यन लाक्रा र जुनैद सिद्धिकीले एक/एक विकेट लिए। दुई सय ४९ रनको विजयी लक्ष्य पछ्याउने क्रममा यूएईले २२ दबमलव पाँच ओभरमा आफ्ना सबै विकेट गुमाउन पुग्यो। युएईले आठ रन बनाउँदा चार विकेट गुमाएको थियो। उसका लागि आयान अफजल खानले सर्वाधिक २९ रन बनाए। यस्तै अशवान्थ वल्थपाले १४ तथा कार्तिक मैयाप्पनले अविजित ११ रन बनाए।

युएईलाई न्यून रनको योगफलमा समेट्न नेपालका ललितनारायण राजवंशीले महत्वपूर्ण भूमिका निभाए। उनले सात दशमलव पाँच ओभर बलिङ गर्ने क्रममा दुई मेडन राख्दै २० रन खर्चेर पाँच विकेट लिए। यस्तै सन्दीप लामिछानेले चार ओभरमा १४ रन खर्चेर दुई विकेट लिए। यसैगरी सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र गुल्सन झाले एक/एक विकेट लिए।रासस

# सार्क महासचिवको जिम्मेवारी बङ्गलादेशलाई




काबुल, २८ फागुन
दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्यहरूले वर्तमान काबुल प्रशासनलाई मान्यता नदिएका कारण अफगानिस्तानलाई सार्क महासचिवको जिम्मेवारी बङ्गलादेशलाई दिइएको खामा प्रेसले जनाएको छ।

सार्क नियम अनुसार, यो बर्ष नेतृत्व गर्ने पालो अफगानिस्तानको रहेको थियो। अफगानिस्तानपछि बङ्गलादेशको पालो रहेको थियो। अफगानिस्तानको तालिवान प्रशासनलाई सार्कले मान्यता नदिएको अवस्थामा बङ्गलादेशका वरिष्ठ कूटनीतिज्ञ गुलाम सरवरलाई आठ सदस्यीय क्षेत्रीय सङ्गठनको महासचिवमा नियुक्त गरिएको छ। सरवरले श्रीलङ्काकी एसाला रुवान वीराकुनको उत्तराधिकारीका रूपमा सकार्कको नेतृत्व सम्हाल्न लाग्नुभएको हो। वीराकुनको तीन वर्षे कार्यकाल सन् २०२३ को फेब्रुअरीदेखि समाप्त भएको हो। दक्षिण एसियाली क्षेत्रीय सङ्गठनको महासचिवको रूपमा बङ्गलादेश सरकारले सरवरको नियुक्तिका लागि प्रस्ताव पठाएको र यसलाई सदस्य राष्ट्रहरूबीच छलफल गरिएको थियो।

सार्कको मन्त्रिपरिषद्ले नयाँ महासचिव चयन का लागि व्यक्तिगत रूपमा बैठक गर्ने गरेको भए पनि यसपटक त्यो सम्भव नभएपछि नेपालका तर्फबाट भरतराज पौडेलले पाकिस्तानलगायत सार्क सदस्य राष्ट्रका तर अफगानिस्तानबाहेकका आफ्ना समकक्षीसँग गोलम सरवरको मनोनयनबारे छलफल गरी परिपत्रमार्फत अनुमोदनको प्रस्ताव गर्नुभएको थियो। प्रस्ताव सबै सदस्य राष्ट्रबाट अनुमोदित भएको छ। दक्षिण एसियाली क्षेत्रीय सङ्गठनको महासचिवको रूपमा बङ्गलादेश सरकारले सरवरको नियुक्तिका लागि प्रस्ताव पठाएको थियो।सन् १९८५ मा स्थापना भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) ले आफ्ना सदस्य राष्ट्रहरूको आर्थिक र सामाजिक विकासलाई अघि बढाउने काम गर्छ। अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्का सार्कका सदस्य राष्ट्र हुन्। सन् २००७ को अप्रिल ३ मा सङ्गठनको १४ औं शिखर सम्मेलनको दौडान, अफगानिस्तान सङ्गठनको आठ सदस्यहरू मध्ये एक बनेको थियो। अफगानिस्तानले यस पटक सार्कको महासचिव पदका लागि उम्मेदवार प्रस्तुत गर्ने अपेक्षा गरिएको थियो, तर सदस्य राष्ट्रहरूले तालिबानलाई मान्यता नदिएकाले; बङ्गलादेशलाई अवसर दिइएको हो। अफगानिस्तानस्थित टोलो न्यूजका अनुसार तालिबानले हालै अन्तर्राष्ट्रिय समुदायलाई अफगानिस्तानको 'इस्लामिक इमिरेट्स'लाई मान्यता दिन आह्वान गरेको थियो र यदि यसलाई मान्यता दिइयो भने विश्व समुदायको चिन्ता र गुनासोलाई अझ राम्रो तरिकाले सम्बोधन गरिने दाबी गरेको थियो।

"इस्लामिक इमिरेट्सले आफ्नो जिम्मेवारीमा बढी ध्यान दिनेछ र हामीबीच वा अन्य देशहरूबाट आएका गुनासाहरूलाई राम्रो तरिकाले सम्बोधन गरिनेछ किनभने एउटा पक्ष कानून र नियमनप्रति जिम्मेवार महसुस गर्नेछ," अफगान तालिबानका प्रवक्ता जबीउल्लाह मुजाहिदलाई उद्धृत गर्दै टोलो न्यूजले उल्लेख गरेको छ। मुजाहिदका अनुसार यदि विश्वका केही शक्तिशाली देशले अफगानिस्तानको मान्यतालाई रोके भने बाँकी विश्वका देशले त्यसलाई पछ्याउनु हुँदैन। तालिवान नेतृत्वको अर्थ मन्त्रालयले गत अगस्टदेखि अन्तर्राष्ट्रिय समुदायले 'इस्लामिक इमिरेट्स'लाई मान्यता नदिँदा देशमा चुनौती उत्पन्न भएको बताएको छ। "इस्लामिक इमिरेट्सलाई मान्यता दिइयो भने अन्तर्राष्ट्रिय समुदायसँग अफगानिस्तानको संलग्नता बढ्नेछ र यसले यस क्षेत्रमा स्थिरता ल्याउनेछ," कार्यवाहक तालिवान शासनअन्तर्गत अफगानिस्तानका उपअर्थमन्त्री अब्दुल लतिफ नजरीले भन्नुभयो। (रासस/सिन्ह्वा)

# साउदी-इरान सम्झौताका निम्ति चिनियाँ मध्यस्थताको प्रशंसा



बेइजिङ, २८ फागुन
साउदी अरब र इरानबीच कूटनीतिक सम्बन्ध स्थापना गर्न चीनले निर्वाह गरेको भूमिकाको विश्व समुदायले स्वागत गरेको छ। दुई देशबीचको चिसिएको सम्बन्धलाई पुनः सुमधुर तुल्याउन चीनले गरेको शान्ति प्रयासको अन्तरराष्ट्रिय जगत्ले प्रशंसा गरेको हो।

चीनको मध्यस्थतामा साउदी अरब र इरानबीच कूटनीतिक सम्बन्ध पुनः कायम गर्न तेहरान र रियादबीच शुक्रबार सहमति भएको हो।

तेहरान र रियादले चिनियाँ पक्षले गरेको सहयोगको प्रशंसा गर्दै द्विदेशीय सम्बन्धमा नयाँ अध्याय प्रारम्भ हुने आशा व्यक्त गरेका छन्। साउदी अरबका राष्ट्रिय सुरक्षा सल्लाहकार मुसाद बिन मोहम्मद अल-एबानले सम्झौताको सराहना गर्दै रचनात्मक वार्तालाई निरन्तरता दिने बताउनुभएको छ। उहाँले यस सम्बन्धमा जनवादी गणतन्त्र चीनले निरन्तर निर्वाह गरेको सक्रिय एवम् सकारात्मक भूमिकाको मुक्तकण्डले प्रशंसा गर्नुभएको छ।

त्यसैगरी मोहम्मद अल-एबानका इरानी समकक्षी तथा इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली शमखानीले आपसी असमझदारी हटाउन बेइजिङले गरेको मिहेनतप्रति आभार गर्नुभएको छ। उहाँले भविष्यमा तेहरान-रियाद सम्बन्ध सुदृढ भई क्षेत्रीय स्थायित्व र सुरक्षाका साथै आपसी सहकार्यमा वृद्धि हुने विश्वास व्यक्त गर्नुभएको छ। सचिव शमखानीले विद्यमान क्षेत्रीय चुनौती समाधान गर्न, शान्ति र स्थायित्व बढाउन, अन्तरराष्ट्रिय सहयोग प्रवर्द्धन गर्न चीनले निर्वाह गरेको रचनात्मक भूमिकाको प्रशंसा गर्नुभएका खबर इरानी सञ्चारमाध्यमले प्रकाशन- प्रसारण गरेका छन्।

इजिप्ट, संयुक्त अरब इमिरेट्स (युएई), जोर्डन र इराकलगायत मध्यपूर्वका विभिन्न देश र पक्षले पनि बेइजिङ सम्झौताको स्वागत गरेका छन्। युएईका राष्ट्रपतिका कूटनीतिक सल्लाहकार अनवर गर्गासले साउदी अरब र इरानबीच कूटनीतिक सम्बन्ध पुनः सुरु गर्ने सम्झौताको स्वागत गर्दै त्यस निम्ति भएको चिनियाँ पक्षले गरेको योगदानको सराहना गर्नुभएको छ।

असल छिमेकीको अवधारणालाई सुदृढ गर्न, साझा आधारबाट सबैका लागि स्थिर भविष्य निर्माण सुरु गर्न यस क्षेत्रका देशबीचको सकारात्मक सञ्चार र संवादको महत्वप्रति युएई विश्वस्त रहेको बताउनुभएको छ।

यसैबीच, संयुक्त राष्ट्र सङ्घले कूटनीतिक सम्बन्ध पुनः स्थापना गर्न साउदी-इरान सम्झौताको स्वागत गरेको छ भने उक्त प्रक्रियामा चीनले निर्वाह गरेको भूमिकाको प्रशंसा गरेको छ।"महासचिवले द्विपक्षीय सम्झौताको स्वागत गर्दै दुई देशबीचको वार्तालापलाई बढावा दिन जनवादी गणतन्त्र चीनले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभएको छ," महाचिव एन्टोनियो गुटरेसका प्रवक्ता स्टेफेन डुजारिकले ओमान र इराकजस्ता अन्य देशको प्रयासको प्रशंसा गर्दै भनेका छन्। (रासस/सिन्ह्वा)

# फ्रान्सेली सिनेटद्वारा पेन्सन सुधार विधेयक पारित



पेरिस, २८ फागुन
राष्ट्रव्यापी विरोधका बाबजुद फ्रान्सेली सिनेटले पेन्सन सुधार विधेयक पारित गरेको छ। देशको माथिल्लो सदनले शनिबार राति उक्त विधेयक पारित गरेको हो।

जनतामाझ अलोकप्रिय उक्त विधेयकको पक्षमा एक सय ९५ मत परेको थियो। विधेयकको विपक्षमा एक सय १२ जनाले मतदान गरेका थिए। अब उक्त विधेयकको मस्यौदालाई सदनको एउटा समितिले अन्तिम रूप दिएर अनुमोदनका निम्ति सिनेट र राष्ट्रियसभामा प्रस्तुत गर्नेछ। संभवतः आगामी बिहीबार उक्त विधेयक सिनेट र राष्ट्रियसभामा प्रस्तुत हुनेछ।

प्रस्तुत विधेयक पारित भएमा न्यूनतम सेवानिवृत्तिको उमेर ६४ वर्ष हुनेछ। यसअघि ६२ वर्षमा कर्मचारीले अनिवार्य अवकाश पाउने व्यवस्था थियो। युवावस्थामा सेवा प्रवेश गरेका फ्रान्सेली नागरिकले उक्त विधेयकलाई अनुचित भनेका छन्।

सरकारीस्तरमा राष्ट्रपति इम्यानुएल म्याक्रोँको दोस्रो पाँचवर्षे कार्यकालको महत्वपूर्ण उपलब्धि ठानिएको उक्त विधेयकको धेरैले विरोध गरेका छन्। विधेयक पारित गर्न सरकारसँग संसदीय बहुमत भएकाले त्यसले कानुनी हैसियत पाउने विश्वास प्रधानमन्त्री एलिजाबेथ बोर्नले बताउनुभएको छ। "सयौँ घण्टाको छलफलपछि सिनेटले पेन्सन सुधार योजनालाई स्वीकृत गरेको छ, यो हाम्रो पेन्सन प्रणालीको भविष्य सुनिश्चित गर्ने एक निर्णायक कदम हो," उहाँले भन्नुभएको छ। विधेयक पारित गर्न सदनमा आवश्यक बहुमत प्राप्त नभएमा संवैधानिक व्यवस्थाअनुसार मतदान बिना नै कानुन बनाउने धारा ४९(३) प्रयोग हुनसक्नेछ। यद्यपि विवादास्पद उक्त धाराको प्रयोग विरलै हुने गरेको छ। शनिबार विधेयकको विरोध गर्दै देशभर विरोधप्रदर्शन भएका थिए। करिब तीन लाख ६८ हजार मानिस विरोधप्रदर्शनमा उत्रिएका थिए। देशभरका रेलसेवा विधेयकका विरोधमा ठप्प भए पनि राजधानी पेरिसको सार्वजनिक यातायात निर्धारित समयमा नै सञ्चालन भएको थियो।
(रासस/ एएफपी)

# सरकारी योजनाविरुद्ध लाखौँ इजरायली सडकमा



तेलअविव, २८ फागुन
न्याय प्रणाली परिमार्जन गर्ने सरकारी योजनाविरुद्ध हजारौँ इजरायली सडकमा उत्रिएका छन्। जनप्रदर्शनका कारण सडक अवरुद्ध भएका छन्। विश्लेषकहरूले विरोधप्रदर्शनलाई देशको इतिहासमा सबैभन्दा ठूलो सडक अवरोध भनेका छन्। प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले भने सरकारी योजनाको बचाउ गर्दै अदालतको शक्तिमा अङ्कुश लगाउने परिवर्तनबाट सरकारका अङ्गहरूबीच सन्तुलन कायम हुने दाबी गर्नुभएको छ। विपक्षीहरूले भने त्यसबाट लोकतन्त्र जोखिममा पर्ने बताएका छन्। शनिबारको जुलुसलाई विपक्षी नेता यायर लापिडले इजरायलको इतिहासमा सबैभन्दा ठूलो सङ्कट भन्नुभएको छ। शनिबारको विरोध प्रदर्शनमा पाँच लाख सर्वसाधारण सहभागी भएका विरोधप्रदर्शनका आयोजकहरूले दाबी गरेका छन्। देशको सबैभन्दा ठूलो शहर तेलअविवमा दुई लाख मानिसले राष्ट्रिय झण्डा बोकेर प्रस्तावित न्यायिक सुधारको विरोध गरेका थिए। जुलुसमा सहभागी तामिर गुयत्साब्रीले सरकारी योजना न्यायिक सुधार नभएको बताउँदै त्यसले इजरायललाई पूर्ण तानाशाही पद्धतिमा लैजाने टिप्पणी गरेका छन्। उनले आफ्ना सन्तानको स्वतन्त्रताका निम्ति सडकमा आउनुपरेको बताएका छन्। त्यसैगरी उत्तरी शहर हाइफामा ५० हजारभन्दा बढी जुलुसमा सहभागी भएका थिए। विरोधप्रदर्शन सरकारी योजनाहविरुद्ध राष्ट्रव्यापी विरोध प्रदर्शनको दशौँ हप्तामा प्रवेश गरेको छ। दक्षिणी शहर बेरशेवा आयोजित जुलुसमा विपक्षी नेता लापिडले देशले अभूतपूर्व सङ्कटको सामना गरिरहेको बताउनुभयो। "आतङ्कवादको लहरले हामीलाई प्रहार गरिरहेको छ, हाम्रो अर्थतन्त्र ध्वस्तप्रायः भएको छ, देशबाट पैसा पलायन भइरहेको छ। इरानले साउदी अरबसँग हिजो मात्रै नयाँ सम्झौतामा हस्ताक्षर गरेको छ तर हाम्रो सरकारले इजरायली प्रजातन्त्रलाई कुचल्ने प्रयास जारी राखेको छ," तिक्ततापूर्ण इजरायल-इरान सम्बन्धको सन्दर्भ कोट्याउँदै लापिडले भन्नुभयो। यसैबीच, अर्को एक घटनामा इजरायली सेनाले वेस्ट बैंक शहर नाब्लस नजिकै तीन सशस्त्र प्यालेष्टिनीलाई गोली हानी मारेको इजरायली सेनाले जनाएको छ। बन्दुकधारीहरूले इजरायली सेनाको चौकीमा गोली चलाएपछि सेनाले जवाफी कारबाही गरेको थियो। प्यालेस्टिनी अधिकारीहरूले घटनाबारे कुनै टिप्पणी गरेका छैनन्। हालैका महिनामा प्यालेष्टाइन र इजरायलबीच हिंसामा उल्लेखनीय वृद्धि भएको छ। प्रधानमन्त्री बेन्जामिन नेतान्याहुल दक्षिणपन्थी दलहरूको सहयोगमा गत डिसेम्बरमा सत्ता गठबन्धन गरेपछि वेस्ट बैंकको अवस्था ज्यादै खराब भएको छ। यो वर्षको प्रारम्भदेखि भड्किएको द्वन्द्वमा परी बालबालिकासहित ८१ जनाको मृत्यु भएको छ। (रासस/एएफपी)

# सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल

काठमाडौँ, २८ फागुन
सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत आज भएको न्युरोड टिम (एनआरटी) र त्रिभुवन आर्मी क्लबबीचको खेल बराबरीमा सकिएको छ।

सातदोबातोस्थित च्यासल मैदानमा आज भएको खेलमा एनआरटी र आर्मीले ३-३ गोलको बराबरी खेलेका हुन्। एनआरटीका लालनुन्जामाले दुई तथा जिन एनिस एमबोउमीले एक गोल गरे भने आर्मीका लागि नवयुग श्रेष्ठ, सुदिल राई र दिनेश हेन्जनले एक/एक गोल गरे।

खेलमा सुरुआती अग्रता भने आर्मीले लिएको थियो। खेलको १५औँ मिनेटमा नवयुग श्रेष्ठले पेनाल्टीबाट गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाए। खेलको ५२औँ मिनेटमा एनआरटीका लालनुनजामाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए।

त्यसपछि खेलको ५७औँ मिनेटमा एनआरटीका एमबोउमिले पेनाल्टीबाट गोल गर्दै खेललाई २-१ ले आगाडि बढाए। खेलको ६२औँ मिनेटमा लालनुनजामाले व्यक्तिगत दोस्रो गोल गर्दा एनआरटी ३-१ गोलको अग्रता बनाए।

त्यसपछि खेलको ६८औँ मिनेटमा आर्मीका सुदिलले गोल गर्दै खेललाई ३-२ को स्थितिमा ल्याए। खेलको ८६औँ मिनेटमा आर्मीका अर्का खेलाडी दिनेशले फ्रिकिकमार्फत गोल गर्दै खेललाई ३-३ गोलको बराबरीमा ल्याए। यस बराबरी खेलसँगै एनआरटीले ३ खेलमा १ अङ्क जोडेको छ। समान तीन खेल खेलेको आर्मीको पाँच अङ्क भएको छ।

आइतवारनै एन्फा कम्प्लेक्समा सम्पन्न अर्को खेलमा मनाङ मर्स्याङ्दी क्लब र मछिन्द्र फुटबल क्लबले गोल रहित बराबरी खेल्दै अङ्क बाँडेका छन्। यस बराबरीसँगै मनाङले ३ खेलमा ५ अङ्क जोडेको छ। साविक विजेता मछिन्द्रले ३ खेलमा १ अङ्क जोडेको छ।रासस

# चुरे अभियानीहरुले घेरे कृषि मन्त्रालय




मधेशदृष्टि
जनकपुरधाम, २८ फागुन । आफ्ना माग पुरा गर भन्दै चुरे अभियानीहरुले मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय घेराउ गरेका छन् ।

आइतवार चुरे तथा वन जंगल संरक्षण अभियानको नेतृत्वमा भूमिहीन दलितहरुले आफ्ना माग पुरा गर भन्दै सरकार विरुद्ध नगरमा विरोध प्रदर्शन गर्दै मन्त्रालय घेराउ गरेका हुन् । गत १६ दिनदेखि अनिश्चितकालिन धर्नामा बसेका चुरे अभियानीहरु आफ्नो माग प्रति तीनै तहका सरकारले बेवास्ता गरेको भन्दै दोश्रो चरणको आन्दोलन अन्तर्गत मन्त्रालय अगाडि प्रदर्शन गर्दै घेराउ गरेका थिए ।

चुरे तथा वन जंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले भने हामी १६ दिनसम्म धर्नामा बसेपनि सम्बन्धित निकायले बेवास्ता गर्दै आएपछि सडकमा प्रदर्शन र मन्त्रालय तथा सरकारी कार्यालय घेराउ र तालाबन्दी लगायतका दोश्रो चरणको अनिश्चितकालिन आरपारको आन्दोलन घोषणा गर्नु परेको बताए ।

संयोजक यादव प्रदेश सरकारले कहिले आफ्नो अधिकार क्षेत्रमा नरहेको र त कहिले ऐन मार्फत आयोग बनाएर समस्या समाधान गर्ने भनी दोहरो चरित्र देखाइरहेको आरोप लगाए । उनले भने सम्बन्धित कृषि मन्त्रालयले भन्छ हाम्रो क्षेत्राधिकारमा छैन, यदि उहाँको क्षेत्राधिकारमा छैन भने यस भूमिव्यवस्था मन्त्रालयको यहाँ के काम हटाउंदा हुन्छ ।

उनले प्रदेश सरकार मातहतका मन्त्रालयहरु सबै कुरामा संघ सरकारको अधिनमा रहेको भन्दै पन्छिदै आएको छ । तर कमीशन आउने हरेक काम गर्दै आएका छन् । प्रदेश सरकार विकास निर्माण र जनताको समस्या समाधान गर्न होइन भ्रष्टाचारको अखाडा बनेको आरोप लगाए ।

संयोजक यादवले विभिन्न चरणमामा हामीले घरवार छोडेर करीब ३ वर्षदेखि चुरे संरक्षण र भूमिहीन दलितहरुको समस्या समाधानका लागि खुल्ला आकाशमुनि आन्दोलन गर्दै आएका छौं । तर राज्य पक्षले चासो लिएका छैनन् । चुरेलाई कमाईको जरिया र दलितहरुलाई भोट बैंकको रुपमा मात्र प्रयोग गर्दै सत्तामा बसेकाहरुले आफ्नो आन्दोलनलाई बेवास्ता गर्नुले प्रष्ट हुन्छ । तर अब हामी चुरे अभियानी तथा दलित सुकुम्बासी पछि हटनेवाला छैनौ माग पुरा नभएसम्म धर्ना संगसंगै मन्त्रालय र सरकारी कार्यालयमा तालाबन्दी तथा घेराउ कार्यक्रम जारी राख्ने छौं ।

चुरे तथा वन जंगल संरक्षण अभियानीहरुको माग बारे मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले आफ्नो अधिकार क्षेत्रको कुरा नभएको र माथिल्लो निकायमा पहलका लागि कुरा राखिसकेको बताए ।

खोला उत्खननको विरोध गर्दा हत्या गरिएका युवा दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणा गर्नुपर्ने, अवैध क्रसर उद्योगहरुमा तत्काल रोक लगाउनु पर्ने, विगतमा मधेश सरकारले गरेको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्नु पर्ने, भूमिहिन तथा सुकुम्बासीको आवसको व्यवस्था गर्नुपर्ने, वैदेशिक रोजगार सम्बन्धि समस्या हल गर्नु पर्ने लगायत अभियानको माग अघि सार्दै पटक पटक आन्दोलनमा गर्दै आएका छन् ।

# उपराष्ट्रपतिका उम्मेदवार यादवको उम्मेदवारी कायमै रहने

मधेशदृष्टि
वीरगंज, २८ फागुन ।
निर्वाचन अधिकृतको कार्यालयले उपराष्ट्रपतिका उम्मेदवार रामसहाय प्रसाद यादवको उम्मेदवारी कायमै रहने निर्णय गरेको छ ।

संविधान अनुसार फरक लिङ्ग वा समुदायको हुने प्रचलन देखिएकाले उपराष्ट्रपतिमा फरक समुदायका उम्मेदवार यादवको उम्मेदवारी खारेज गर्नु नपर्ने आयोगले निष्कर्ष निकालेको हो । नेकपा एमालेको तर्फबाट उपराष्ट्रपति उम्मेदवार अष्टलक्ष्मी शाक्य र जनमत पार्टीको उम्मेदवार ममता झाले राष्ट्रपतिभन्दा फरक लिङ्गको उम्मेदवार उपराष्ट्रपति हुनुपर्ने भन्दै यादवको उम्मेदवारी खारेजीको माग गरेका थिए ।

निर्वाचन अधिकृत महेश शर्मा पौडेलले राष्ट्रपति र उपराष्ट्रपति फरक लिङ्ग र समुदायका दुवै हुनुपर्ने अनिवार्य वा बाध्यात्मक व्यवस्था नरहेकाले यादवको उम्मेदवारी कायम रहने जानकारी दिए ।

उनले लिङ्ग र समुदाय फरक हुनुपर्ने गरी संविधान र कानूनी व्यवस्था भएको देखिँदा खस आर्य समुदायभन्दा फरक समुदायका पुरुष उम्मेदवार रामसहायप्रसाद यादव उपराष्ट्रपतिको उम्मेदवार हुन अयोग्य भन्न नसकिने बताउनुभयो ।



उपराष्ट्रपतिका उम्मेदवार रामसहाय प्रसाद यादवले सो दाबी विरोधको खण्डन गर्दै आइतवार निर्वाचन अधिकृतको कार्यालयमा जवाफ पेस गर्नुभएको थियो । उपराष्ट्रपति पदमा चार जनाको मनोनयन दर्ता भएको छ।

# अनियन्त्रित डढेलोले करोडौको बन सम्पदा नष्ट

मधेशदृष्टि
वीरगंज, २८ फागुन ।
सुक्खायाम सुरु भएसँगै मधेश प्रदेशका पर्सा, वारा, रौतहटको बन क्षेत्रमा अनियन्त्रित रुपमा डढेलो फैलिदा करोडौको बन सम्पदा नष्ट भएको छ ।

विगत दुई साता देखि वन क्षेत्रमा लागेको डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन । पर्सा राष्ट्रिय निकुञ्ज तथा वारा र रौतहटको राष्ट्रिय वन क्षेत्रमा बर्सेनि लाग्ने डढेलोको कारण करोडौको वन सम्पदा नष्ट हुदै आएको छ । तर डढेलो नियन्त्रण तर्फ प्रभावकारी कदम नचाल्दा बर्षेनी समस्या बढदै गएको छ ।



डढेलो नियन्त्रणका लागि संघीय र प्रदेश सरकारले वन कार्यालयलाई बजेट दिने गरेको छ । बजेट खर्च हुन्छ पनि । तर, डढेलो नियन्त्रण प्रभावकारी भएको छैन । विगतका बर्षहरुमा वनमा लागेको डढेलो गाउँमा पस्दा वारा, पर्सा, रौतहटमा लाखौको क्षति भएको थियो ।

मधेश प्रदेश सभा सदस्यमा पर्साबाट निर्वाचित जनार्द्धन सिंह क्षेत्रीले सुक्खा लागेसँगै वनभित्रको सुकेको पत्तकर सफा गर्ने, वन प्रवेशमा कडाइ गर्ने र सलाई-लाइटरजस्ता वस्तु लैजान रोक लगाउन सम्बन्धित निकाय चनाखो हुनु पर्ने बताउदै डढेलो लाग्नुअघि कुनै तयारी नहुने प्रवृतिको कारण बर्षेनी वनमा लाग्ने डढेलो टाउको दुखाईको विषय बन्दै गएको बताए । विगत दुई दशक यता वनमा डढेलो नियन्त्रण गर्ने बाहनामा गोष्ठी-सेमिनारमा मात्र बजेट खर्च हुने गरेको र प्रभावकारी डढेलो नियन्त्रण तर्फ राज्यका संयन्त्रहरु परिचालन नहुँदा समस्या बढदै गएको क्षेत्रीले बताए ।

# लक्ष्मीनियाँ गापामा फेरी ताल्चा लगाइयो

*ताल्चा फोडेर अधिकृतले सामाग्री हिनामिना गरेको आन्दोलनरत पक्षको आरोप*

मधेशदृष्टि
जनकपुरधाम, २८ फागुन । धनुषाको लक्ष्मीनियाँ गाउँपालिका कार्यालयमा लगाइएको ताला फोडेर कार्यालयका सामग्रीहरू प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत हिनामिना गरिएको आरोप लगाइएको छ । गत फागुन १४ गते प्रमुख प्रशासकिय अधिकृत र लेखाशाखाको कर्मचारीको कार्यकक्षमा वडाध्यक्षहरूले लगाएको ताला फोडेर कार्यालयका महत्वपूर्ण सामानहरू हिनामिना ताल्चा लगाएका वडाध्यक्षहरुले आरोप लगाएका हुन् ।



वडा नम्बर-१ का वडाध्यक्ष दिलिप यादवले सरुवा भइसकेका प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादवले ताला फोडेर सामानहरू हिनामिना गरेको आरोप लगाए । उनले भने जब उहाँ सरुवा भइसकेको छ भने जनप्रतिनिधिको रोहबरमा ताला फोडेर कार्यालयका सामानहरू लग्नु पर्थ्यो तर त्यसो नगरी हिनामिना गर्ने उद्देश्यले आफुहरुको अनुपस्थितिमा ताल्चा फोडेर सामानहरु लगेको हो । आफूहरूले तालाबन्दी गरेको दुई दिनपश्चात गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले सम्पूर्ण जनप्रतिनिधिलाई बोलाएर समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएपनि अहिलेसम्म कुनै समन्वय नगरेको आरोप समेत उनले लगाए । तालाबन्दी गरेको १५ दिन बितेपनि सहमतिमा नआई आइतबार प्रमुख प्रशासकीय अधिकृत यादवले स्थानीय प्रशासनको रोहबरमा आफूहरूलाई कुनै जानकारी नै नदिई उल्टै ताला फोडेको वडाध्यक्ष यादवको गुनासो छ ।उनले गाउँपालिका अध्यक्ष मिश्र र प्रमुख प्रशासकीय अधिकृत यादवले सहमतिको वातावरण निर्माण नगरी उल्टै ताला फोडेर हैकमबादी प्रवृति देखाएको आरोप समेत लगाए। वडा नम्बर-१ का वडाध्यक्ष दिलिप यादव, वडा नम्बर-५ का वडाध्यक्ष दुखरण यादव, वडा नम्बर-६ का वडाध्यक्ष महाविर साह र वडा नम्बर-७ का वडाध्यक्ष गंगा साहलगायतकाहरूले आइतबार प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्ष र लेखाशाखामा पुनः तालाबन्दी गरेका छन् ।

यता, प्रमुख प्रशासकीय अधिकृतले आफूले ताला नफोडेको दाबी गरेका छन् । वडाध्यक्ष दिलिप यादवले दिउँसो २ बजेसम्म पनि प्रमुख प्रशासकिय अधिकृत यादव र फाँटका कर्मचारीहरू कार्यालयमा उपस्थित नभएकोले गाउँपालिकाका जनताहरू काम नै नगराई खालि हात घर फर्किन बाध्य हुँदा आफूहरूले तालाबन्दी गरेको बताए । ान्दोलनरत पक्षले गाउँपालिकामा करारका कर्मचारी हटाएर खुला प्रतिस्पर्धामार्फत दक्ष जनशक्ति भर्ना गरी नमूना गाउँपालिका बनाउने अभिप्रायले कार्यपालिका बैठकले निर्णय गरेको भएपनि अध्यक्ष भोगेन्द्र मिश्र र प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादव मिलेर करारका कर्मचारी नहटाई खुला प्रतिस्पर्धा नै नगरेर आर्थिक चलखेल गरी आफ्नो नातागोता र खल्तीका मान्छेलाई नियुक्त गरेको आरोप लगाउँदै आएको छ । वडाध्यक्ष यादवले रोजगार सहायक, एमआईएस अपरेटर लगायतका पदका लागि दरखास्त आह्वान गरिएपनि नतिजा प्रकाशन थर्दा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले आर्थिक चलखेल गरी नातावाद कृपावाद गरेको आरोप लगाए । वडाध्यक्ष यादवले सरूवा भएर आएका नयाँ प्रमुख प्रशासकीय अधिकृत सबिर महतोलाई गाउँपालिका अध्यक्ष मिश्रले हाजिरसमेत हुन नदिएको आरोप लगाएका छन् ।

# वीरगंजमा जथाभावी विज्ञापनका समाग्री टाँस्नेलाई कारवाही

मधेशदृष्टि
वीरगंज, २८ फागुन ।
बिरगंज महानगरपालिकाले नगर क्षेत्रमा जथाभावी विज्ञापनका सामग्री टास्ने, सार्वजनिक स्थल तथा पर्खालहरुमा प्रचार प्रसारका सामग्री लेख्नेहरुलाई कारवाही गर्ने अभियान शुरु गरेको छ । नगर क्षेत्रलाई सफा सुघर र हराभरा बनाउने उदेश्यले बिरगंज महानगरपालिकाले महानगरपालीका क्षेत्रमा कसैको घर, पर्खाल र विजुलीका पोलहरुमा बिज्ञापन प्रचार प्रसारका पोष्टरहरु लगाउनेलाई समातेर २ हजार ५ सय रुपैया जरिवाना गरेको छ । महानगरपालिका क्षेत्र भित्र प्रचार प्रसारका पोष्टहरु लगाएको पाईएमा जरिवाना सहित कडा कारवाही गरिने



महानगरपालिका सरसफाइ प्रमुख सरफुद्दिन मियाले जानकारी दिएका छन् । यसैगरी बीरगंज महानगरपालिकाले सडक,पेटिमा फोहर फाल्नेहरुलाई चलाएको कारवाही अभियान अन्तरगत शनिवार र आईतवार दुई दिनमा २१ जनालाई जरिवना सहित कारवाही गरेको छ। सडक किनारमा फोहोर फाले वापत वीरगंज स्थित फेयर निल मेडिकल स्टोर लाई ५ हजार, अमित कुमारलाई २ हजार, टिवरेवाल सप्लायर्स,विजय कुमार गुप्ता, क्वास्ट फर्मा, साईन फर्मा, सवरीया ईन्टर प्राईजेज,लक्की कुमार,परमानन्द साह,रोहित चिया पसल समेत २१ जनालाई १/१ हजार रुपैया जरिवाना गरिएको सरसफाई प्रमुख मियाँले बताए ।

# नागरिक उन्मुक्तिको मधेश प्रदेश समितिको अध्यक्षमा चौधरी

मधेशदृष्टि
वीरगंज, २८ फागुन ।
नागरिक उन्मुक्ति पार्टीको मधेस प्रदेश कार्य समिति सर्व सहमत चयन भएको छ । पार्टीका केन्द्रिय सदस्य एवम् सङ्घीय सांसद लालवीर चौधरीको प्रमुख आतिथ्यमा बर्दिबासमा भएको बृहत् भेलाबाट प्रदेशको ३५ सदस्यीय कार्य समिति चयन भएको हो ।

समितिको अध्यक्षमा रामचन्द्र चौधरी, उपाध्यक्षहरूमा बिजेन्द्र चौधरी, सुरेन्द्र प्रसाद, उर्मिला महतो, सचिवमा अशोक श्रेष्ठ, सहसचिवमा रामअसिस चौधरी चयन हुनुभएको छ । समितिको सदस्यहरूमा भुवन प्रसाद चौधरी, अरुण चौधरी, सुनिता कुमारी चौधरी, सुरज चौधरी, नागेन्द्र यादव, धनञ्जय चौधरी, राजकपुर चौधरी, सुनिता देवी चौधरी, फिरोज अन्सारी, रामपृत महतो, दिनेश यादव, विनीता कामती चयन भएका हुन् ।

त्यसैगरि सदस्यहरूमा नै ज्ञानकला कुमारी यादव, भरत प्रसाद साह, श्रपिति भेडियर, रेणु चौधरी, लालबहादुर चौधरी, मनोहर सिह, शिवकलिया देवी सदा, भरतराय यादव, रामजी चौधरी, उपेन्द्र यादव, सुजता चौधरी, नागेन्द्र चौधरी, गणेश खा चौधरी चञ्चल चौधरी र उमेश प्रसाद जयसवाल सर्व सहमतिबाट मधेस प्रदेश कार्य समितिमा निर्वाचित भएका छन् ।

नव निर्वाचित कार्य समितिलाई बधाई दिँदै सङ्घीय सांसद चौधरीले पार्टीलाई राष्ट्रिय पार्टी बनाउनका लागि देशभरि सङ्गठन निर्माण गरि रहेको बताउँदै निष्ठापूर्वक लाग्नु पर्ने आग्रह गरेका थिए ।

लोकतन्त्रलाई संस्थागत गर्ने र देशमा रहेको बेतिथिलाई अन्त्य गर्दै विधिको शासन कायम गराउने दिशा तर्फ पार्टी अगाडी बढाउनेतिर लाग्नुपर्ने सबैलाई निर्देशन दिएका थिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल